भ्रमणले प्रधानमन्त्री तहमा विश्वासको वातावरण बढाएको छ... पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ • अंक १५ • २०८० साल जेठ २१ गते आइतबार (4 June, Sunday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-


## १३ वर्षमा साढे १० लाख विदेशिए

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशबाट विगत १३ वर्षमा १० लाख भन्दा बढी युवायुवतीहरु विदेशिएका छन् ।

एक तथ्यांकका अनुसार यस प्रदेशबाट गत ०६६/६७ सालदेखि ०७८/७९ को अवधिमा १० लाख ३९ हजार ७ सय ५४ जना युवायुवती वैदेशिक रोजगारीमा गएका छन् ।

तथ्यांक अनुसार विगत १३ वर्षको अवधिमा सबै भन्दा बढी धनुषा जिल्लाबाट २ लाख १६ हजार १२२ जना विदेशिएका छन् ।

त्यस्तै, महोत्तरीबाट १ लाख ९६ हजार ८९५ जना, सिरहाबाट १ लाख ७८ हजार २३५ जना, सप्तरीबाट १ लाख २७ हजार १४८ जना, सर्लाहीबाट १ लाख २६ हजार ६५६ जना, रौतहटबाट ७५ हजार ७०२ जना, बाराबाट ७३ हजार १३३ जना र सबभन्दा कम पर्सा जिल्लाबाट ४५ हजार ८६३ जना युवायुवतीले विदेशमा आफ्नो पसिना बगाइरहेका छन् ।

चालु आर्थिक वर्षको १० महिना (साउनदेखि बैशाख)सम्ममा धनुषाबाट मात्रै ३५ हजार ६६ जना वैदेशिक रोजगारीमा विभिन्न खाडी मुलुक पुगेका छन् ।

जसअनुसार गत साउन महिनामा ३ हजार ५४३ जना, भदौमा ४ हजार ३२२ जना, असोजमा ३ हजार ५४७ जना, कार्तिकमा ३ हजार ५४८ जना, मंसिरमा ३ हजार ५४८ जना, पुसमा ३ हजार ६३८ जना, माघमा ३ हजार २४७ जना, फागुनमा ३ हजार १२९ जना, चैतमा ३ हजार ६८१ जना र वैशाखमा ३ हजार ४३ जना विदेश पुगेका छन् ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढ्न थाले पनि रेमिट्यान्सको प्रवाह भने घटिरहेको देखिन्छ । यो अवधिमा हुण्डीलगायत विदेशबाट पैसा पठाउने गैरकानुनी माध्यम सक्रिय हुनुका साथै क्रिप्टोकरेन्सीलगायत हाइपर फण्डमा लगानी बढेकाले रेमिट्यान्स प्रभावित भएको जानकारहरु बताउँछन् । यद्यपि, चालु आर्थिक वर्षको मासिक रेमिट्यान्सको अवस्था सन्तोषजनक रहेको देखिन्छ ।

गत साउनमा ९२ अर्ब २ करोड, भदौमा ९४ अर्ब ८ करोड, असोजमा ९४ अर्ब, कार्तिकमा ९७ अर्ब, मंसिरमा १ खर्ब २ अर्ब ५ करोड, पुसमा १ खर्ब ४ अर्ब ६ करोड, माघमा १ खर्ब ४ अर्ब ८ करोड, फागुनमा १ खर्ब ४ अर्ब ४ करोड र चैतमा १ खर्ब ९ अर्ब १ करोड रुपैयाँ रेमिट्यान्सवापत नेपाल भित्रिएको तथ्यांक छ ।

### राष्ट्रपति पौडेललाई सर्वदलीय अभिनन्दन हुने

# नागरिकता विधेयक प्रमाणीकरणले तराई मधेशमा उल्लास

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रपति रामचन्द्र पौडेललाई जनकपुरधाममा सर्वदलीय अभिनन्दन हुने भएको छ । नागरिकता विधेयक प्रमाणीकरण र रेशम चौधरीलाई आममाफी गरेपछि उल्लासमा रहेका तराई मधेशवासीले सर्वदलीय अभिनन्दन गर्न लागेका छन् ।

नेपालका पहिलो राष्ट्रपति जनकपुरधामकै डा. रामवरण यादवले नेपालको संविधान जारी गर्दासमेत सर्वदलीय अभिनन्दन नभए पनि पौडेलले नागरिकता विधेयक प्रमाणीकरण र चौधरीलाई आममाफी गरेपछि मधेशमा राष्ट्रपति पौडेलको लोकप्रियता समेत बढेको छ ।



जेठ ३१ गते जनकपुरधाम आउन लागेका नेपालका राष्ट्रपति पौडेलको जनकपुरधाममा भव्य अभिनन्दन गरिने शनिबार जनकपुरधाममा बसेको सर्वदलीय बैठकले निर्णय गरेको छ । जनकपुरधामको उद्योग वाणिज्य संघको राजर्षि जनक सभाहलमा प्रतिनिधिसभा सांसद तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य विमलेन्द्र निधिको पहल र जनकपुरधाम उपमहामनगरपालिकाद्वारा आयोजित सर्वदलीय/सर्वपक्षीय बैठकमा सहभागीहरुले तिरहुतिया गाछीमा राष्ट्रपति पौडेललाई भव्य स्वागत र नागरिक अभिनन्दन गर्नुपर्ने प्रस्ताव राखेका थिए ।

राष्ट्रपतिको जनकपुरधाम भ्रमणका विषयमा जानकारी गराउँदै सांसद निधिले राष्ट्रपति पौडेलको जनकपुरधाम आएर जानकी मन्दिरमा पूजा र दर्शन गर्ने पहिला देखिकै इच्छा रहेको साथै राष्ट्रपति पौडेल नागरिकता विद्येयक प्रमाणीकरण गरेर मात्र जनकपुरधाम जाने अठोटसमेत लिएकाले नागरिकताविहीन लाखौं युवाहरुको समस्या समाधान गरी आउन लागेकाले उनलाई जनकपुरधाम र मधेशवासीले भब्य स्वागत गर्नुपर्ने प्रस्तावमा सबैदलले सहमति जनाएको बताए ।

राष्ट्रपतिले नागरिकता विद्ययेक प्रमाणीकरण गरेर मात्र मधेश जाने भन्दै आएकोमा उनको जेठ ३१ गते भ्रमण हुन गइरहेको बताउदै उनले राष्ट्रपतिले जनतालाई कुनै पनि मर्का नपर्ने गरी व्यवस्था मिलाउनसमेत भनेको जानकारी दिए ।

सो अवसरमा प्रदेशसभा सांसद रामसरोज यादव र दीपेन्द्र ठाकुरले पनि राष्ट्रपतिको भ्रमण सुखद रहेको बताउँदै भव्य र व्यवस्थित बनाउन आफूहरु प्रदेश सरकारलाईसमेत यसमा सहभागी गराउन पहल कदमी लिने बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले धनुषाको सबै प्रत्यक्ष र समानुपातिक सांसदहरुसहितको मूल समिति बनाएर त्यसका अधीनमा अन्य उपसमितिहरु बनाएर राष्ट्रपतिको जानकी मन्दिरको पूजापाठदेखि तिरहुतिया गाछीमा हुने भव्य स्वागत र नागरिक अभिनन्दनको कामका लागि तयारी गर्ने सर्वसम्मत निर्णय भएको बताए ।

साथै बैठकबाट नागरिकता विद्ययेक प्रमाणीकरण गरेकोमा राष्ट्रपतिलाई धन्यवाद ज्ञापन र मूल समारोह समितिले निर्णय गर्ने जनकपुरधामको एक चोकमा राष्ट्रपतिद्वारा काठमाण्डुको माइतीघर मण्डलामा रहेको जस्तै देशको ठूलो झन्डा ठडयाएर फहराउने निर्णयसमेत भएको छ ।

विमानबाट जनकपुरधाम आउने राष्ट्रपतिलाई विमानस्थलदेखि जानकी मन्दिर र मन्दिरदेखि पुनः तिरहुतिया गाछीसम्म पुग्ने क्रममा सडकको दुबै छेउको पेटीमा राष्ट्रिय झन्डासहित उभिएर नागरिक अभिन्दन गर्न सबै दलले आआफनो कार्यकर्ता र समाजलाई परिचालनमा भूमिका निर्वाह गर्ने पनि सहमति भएको छ ।

कार्यक्रममा जनकपुरधामका उपप्रमुख किशोरी साह, धनुषाका प्रमुख जिल्ला अधिकारीसहितका प्रशासनिक निकायका प्रमुखहरु, वृहत्र जनकपुरधाम क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साह, उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ सहित हरेक दलका नेताहरुसहित नागरिक अगुवाहरुको उपस्थिति रहेको थियो ।

## एमाले पनि सहभागी हुने

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रपति रामचन्द्र पौडेलको जेठ ३१ गते हुने सर्वदलीय अभिनन्दनमा नेकपा एमाले पनि सहभागी हुने भएको छ ।

नागरिकता विधेयक प्रमाणीकरण र नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीलाई आम माफी गरेको भन्दै कडा आलोचना गरिरहेको नेकपा एमाले राष्ट्रपतिको सर्वदलीय अभिनन्दनमा सहभागी हुने भएको छ ।

नेकपा एमालेका धनुषा जिल्ला अध्यक्ष राजकिशोर यादवले राष्ट्रपति कुनै पार्टी वा भेगको नभइ सम्पूर्ण नेपालीको रहेका कारण आफूहरु अभिनन्दन कार्यक्रममा सहभागी हुने जनाएका छन् ।

उनले सर्वदलीय अभिनन्दन अर्का पाटो भएको भन्दै राजनीतिक र सामाजिक व्यवहार फरक हुनुपर्ने बताउँदै अध्यक्ष यादवले राष्ट्रपतिलाई जनकपुरधामवासीले हृदयले अभिनन्दन गर्नुपर्ने धारणा राखे ।

राष्ट्रपति पौडेलले नागरिकता विधेयक प्रमाणीकरण र रेशम चौधरीलाई आममाफी गरेपछि आक्रमक बनेका एमालेले अभिनन्दन कार्यक्रममा सहभागी हुने भएपछि एमाले राष्ट्रपतिप्रति लचिलो देखिएका छन् ।







# कुपोषित बालबालिकाको संख्यामा वृद्धि

**टुडे समाचारदाता**

गरुडा। रौतहट जिल्लामा कुपोषित हुने बाल बालिकाको संख्या बढ्दै गइरहेको छ।

स्वास्थ्यको क्षेत्रमा संघ सस्थाले काम गरे पनि रौतहटमा कुपोषणको शिकार हुने बालबालिकाको संख्या न्यूनीकरण हुनुको साटो बढ्दै गएको छ।

जिल्ला जनस्वास्थ्य कार्यालयको ०७८/०७९ को तथ्यांक अनुसार स्थानीय तहको संरचना हुनुभन्दा पहिला देखिएको तथ्यांक भन्दा बढी अहिलेको तथ्यांक रहेको कार्यालय प्रमुख सुरेश यादवले बताए।

प्रमुख यादवको अनुसार आर्थिक वर्ष २०७६/०७७ मा कुपोषित बालबालिकाको संख्या २९१ रहेको थियो । आर्थिक वर्ष ०७७/०७८ मा ३५६ देखिएको संख्या आर्थिक वर्ष ०७८/०७९ मा ५३७ पुगेकोले संख्या प्रतिवर्ष बढ्दै गएको छ।

स्थानीय तहमा स्वास्थ्यलाइ समावेश गरेको कारण स्थानीय तहले समयमा स्वास्थ्यको क्षेत्रमा निगरानी नबढाएको कारण यस्तो अवस्थाको सृजना भएको उनको कथन रहेको छ।



जिल्ला जनस्वास्थ्य कार्यालयको मातहतमा स्वास्थ्य कार्यालय रहेको बेला अनुगमन निरीक्षण तथा कारबाही गर्ने अधिकार जिल्लालाई रहेको थियो तर अहिले स्थानीय सरकारको जिम्मा गएकोले निरीक्षण अनुगमनको कार्य प्रभावकारी हुन नसकेको अवस्था रहेको उनले बताए।

आर्थिक वर्ष ०७७/०७८ मा बर्थिंग सेन्टरमा प्रसूति गराउन जाने गर्भवती महिलाहरुको ५७ प्रतिशत रहेको थियो भने त्यो प्रतिशत घटेर आर्थिक वर्ष ०७८/२०७९ मा ५२ प्रतिशत पुगेको छ।

६ देखि २३ महीनासम्मको बालबालिका ४२ प्रतिशतले मात्र बाल विटा खाएको तथ्यांक रहेको छ । ५८ प्रतिशत बालबालिका बाल वीटाबाट बञ्चित रहेका छन् । कुपोषितपछि निको भएको बालबालिका ९३ प्रतिशत रहेको छ।

४ पटक स्वास्थ्य सस्थामा गएर गर्भ चेकजाच गराउने महिलाको प्रतिशतमा कमी देखिएको छ। आर्थिक वर्ष ०७७/०७८ मा ४७ प्रतिशत थियो भने आर्थिक वर्ा ०७८/०७९ मा ३९ प्रतिशत देखिएको छ।

परिवार नियोजनका अस्थायी साधन १३ हजार ८ सय २ जनाले प्रयोग गरिरहेका छन् । वार्षिक प्रतिबेदनका अनुसार डिपो ५ हजार ४ सय ९२ , आइ यु सी डी १९० , इम्प्लांट १ हजार ५ सय ३० ,पिल्स ३ हजार ४ सय ७१ तथा कन्डम ३ हजार १ सय १९ ले प्रयोग गरेको छ।

स्वास्थ्य , शिक्षाको क्षेत्रमा उल्लेखनीय सुधार ल्याउनको स्थानीय सरकारले बढी बजेट लगानी गर्नुपर्ने देखिएको छ । बजेटको कार्यान्वयन प्रभावकारी ढंगबाट नगरेसम्म रौतहटको शिक्षा र स्वास्थ्यको अवस्था सुधार हुन नसक्ने अवस्था रहेकोले यस तर्फ स्थानीय सरकारका प्रमुखहरुले गम्भीर रुपमा ध्यान दिनुपर्ने छ।

# तीनकुने चोकमा स्थानीयको धर्ना

**सिकेन्द्र पासवान**

बारा । मानमत मटियर्वा अधुरो सडक खण्ड अन्तर्गत तीनकुने चोकमा स्थानीयहरु सडक निर्माणका लागि धर्नामा बसी चक्का जाम गरेका छन् ।

सप्तकोशी जलाधर ओमसाई एण्ड कम्पनी जेभीका संचालकले अधुरो बाटो निर्माण गर्नका लागि आनाकानी गरिरहेको हुँदा अधुरो बाटोमा धुलो उडेर स्थानीयहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरेको अवस्थालाई मध्य नगर गर्दै स्थानीयहरु सडकमा धर्ना दिदैं यतायात पूर्णरुपमा ठप्प पारेका छन्।

कलैयाबाट पिलुवासम्म बाटो अवरोध हुँदा सर्व साधारणहरुलाई सास्ती भोग्नु परेको छ।

धर्नामा लुकेश सिंह, सुवास कुशवाहा, हरेराम कुशवाहा, प्रविन पटेल, सजय कुशवाहा, हरिओम साह सोनारलगायतका धर्नामा बसेका छन्।



पहिलो दिन बिहान ८ बजे देखि चाकाजाम गरेका छन। माग ूरा नभएसम्म अनिश्च कालसम्म धर्ना रहने र सडक खण्ड बन्द राख्ने नेपाली कांग्रेस निर्वाचन क्षेत्र नम्बर ४ प्रदेश ख का सभापति लुकेश सिंहले जानकारी दिए।

अवधापुरदेखि सितलपुरसम्मको करीब चार किलोमिटर बाटो पिच नगरी ठेक्केदार कम्पनी भागिसकेको हुँदा सर्व साधारणलाई सास्ती भोग्नु परेको छ।

अधुरो बाटो निर्माण गर्नका लागि कलैया उपमहानगरपालिकाका मेयर विनोद साहले पटकपटक ताकेता गर्दा दिक्क भएको थियो।

# पाइपलाइनको कार्य तीव्र

**टुडे समाचारदाता**

कलैया।मोतिहारी-अम्लेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट पेट्रोल ल्याउने कार्य तीव्र रुपमा भइरहेको छ।

आगामी ६ महिनाभित्र पाइपलाइनबाट पेट्रोल आयात गर्ने तयारी नेपाल आयल निगम प्रादेशिक डिपो अम्लेखगञ्जले जनाएको छ ।

दोस्रो चरण काम तीव्र गतिमा अगाडि बढेको निगम प्रादेशिक डिपो अम्लेखगञ्जका प्रमुख विनीतमणि उपाध्यायले जानकारी दिए।



पेट्रोलियम पदार्थ भण्डारणको लागि ४ वटा ट्याङ्की निर्माणको काम तीव्र रुपमा भइरहेको छ।

भारतीय आयल निगमसंगको सम्झौता अनुसार आगामी डिसेम्बरभित्र पूर्वाधार निर्माणको काम सम्पन्न गरेर जनवरी २४ भित्र उद्घाटन गर्ने गरी काम भइरहेको निगमले जनाएको छ।

पेट्रोलियम पाइपलाइनको दोस्रो चरणको पूर्वाधार निर्माणको क्रममा २ अर्ब १४ करोड लगानी हुने निगमले जनाएको छ।

जसमध्ये ६० करोड भारतीय आयल कर्पोरेसनको र १ अर्ब ५४ करोड नेपाल आयल निगमको लगानी रहेको छ।

पाइपलाइनको दोस्रो चरणको परियोजना अन्तर्गत ४ वटा पेट्रोल ट्याङ्की निर्माण भइहरेको छ जसमा २ वटा भारतीय आयल कर्पोरेसनले र २ वटा नेपाल आयल निगमले निर्माण गरेको हो।

नेपाल आयल निगम प्रादेशिक डिपो अम्लेखगञ्जका प्रमुख उपाध्यायले भवन निर्माणको काम ५० देखि ६० प्रतिशत र पेट्रोलियम पदार्थ भण्डारण गर्ने ट्याङ्की निर्माणको काम १५ प्रतिशत सम्पन्न भएको छ।

# चोरी भएको ट्र्याक्टर धनीलाई बुझाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा प्रहरीले चोरी भएको ट्र्याक्टर फेला पारी धनीलाई बुझाएको छ।

शुक्रबार जनकपुरधाम उपमहानगरपालिका-११का बिल्टु साहको प्र.२-०२-००१ त २१३३ नम्बरको ट्र्याक्टर चोरी भएको थियो।



जनकपुरधाम मिल्स एरियाबाट चोरी भएको सूचना प्राप्त हुन साथ जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको विशेष गस्ती टोलीले शनिबार जनकपुरधाम-१४ रजौलबाट फेला पारेको जनाइएको छ । सो ट्र्याक्टर सम्बन्धित धनीलाई बुझाइएको जिल्ला प्रहरी कार्यालय धनुषाद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

# वडा कार्यालयद्वारा निस्सा वितरण

**रञ्जन यादव**

कलैया। भूमिहीन, सुकुम्बासी र अव्यस्थित बसोबासको



निवेदन दिएकालाई जीतपुरसिमरा उपमहानगरपालिका -१८ को कार्यालयले निवेदन दर्ताको निस्सा वितरण गरिरहेको छ।

मनहर्वा स्थित वडा कार्यालय परिषरमा आयोजित निस्सा वितरण कार्यक्रमको जीतपुर सिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलले निस्सा वितरण जग्गा प्राप्तिको महत्वपूर्ण प्रकृया अन्तर्गतको काम भएको बताए ।

उनले निवेदन संकलनपछिको निस्सा वितरण, नाप नक्सालगायतका कामलाई सरल ढंगबाट सहजीकरण गरी यस प्रकृयालाई सम्पन्न गर्न वडाबासीलाई अनुरोध गरे । वडामा दर्ता भएका ९ सय २० जना मध्ये शनिबार ४ सय ७८ जनालाई निस्सा बितरण गरिएको वडा अध्यक्ष चतुरबाबु वाग्लेले जानकारी दिए ।

बाँकी छुटेकाहरु वडा कार्यालयबाट निस्साको प्रमाणपत्र लिनसक्ने बताए । कार्यक्रममा उपमहानगरपालिका उपप्रमुख भोला प्रसाद अधिकारी, वडा नं.१८ का पूर्व वडा अध्यक्ष अर्जुन प्रसाद दाहाल, वडा नं. १४ का पूर्व वडा अध्यक्ष रामशरण बर्तौला लगायतको सहभागिता रहेको थियो।

# निःशुल्क स्वास्थ्य शिविर

**टुडे समाचारदाता**

जनकपुरधाम । ग्रामीण तथा अति दुर्गम गाउँमा मानिसहरु विरामी हुँदा आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुँदै आइरहेको बेला जनकपुरधामका



सबनममेडिकलएण्डपोलिक्लिनिक प्रा.लिले अति विपन्न गरीब तथा असहायको घरदैलोमै पुगेर निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरी स्वास्थ्य सेवा प्रदान गर्ने गरेका छन्।

महोत्तरिको मटिहानी -२ स्थित एक संस्थागत विद्यालयमा सबनम मेडिकल एण्ड पोलिक्लिनि प्रा.लि जनकपुरले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा झण्डै ४ सय बिरामीले सेवा लिएका छन् । ग्रामीण क्षेत्रमा लुकेर बसेका गम्भीर रोगका रोगी तथा दिर्घ रोगीहरुले निःशुल्क सेवा पाउनुका साथै विभिन्न रोगका औषधिहरु निःशुल्क पाएका छन्।

सो शिविरबाट करीब ४ सय ४५ जना शनिबार स्वास्थ्य परीक्षण गराइ लभान्वित भएका छन् । प्रादेशिक अस्पताल जनकपुरधाममा कार्यरत विशेष फिजिसिएन डा.मोहम्मद अली अकबर राइनको नेतृत्वको चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको टोलीले सेवा प्रदान गरेका थिए।

गाउँगाउँमा लुकेर बसेका रोगीहरुको निःशुल्क उपचार गर्न घरदैलोमा शिविर आयोजनालाई निरन्तरता दिने सबनम मेडिकल एण्ड पोलिक्लिनि प्रा.लि जनकपुरका संचालक तमन्ने राइनले जानकारी दिए।

शिविरमा मधुमेह, दम्मा, थाइराड, लिभर, ग्यासट्रिक, टिभीसहितका बिरामीहरुले स्वास्थ्य लाभ लिएको उनले बताए । उनीहरुलाई विभिन्न स्वास्थ्य जाँच गरी औषधिहरुसमेत निःशुल्क दिएको उनले बताए।

# कर्णाली र सुदूरपश्चिम विजयी



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा जारी महेन्द्रनारायण निधि टि-२० क्रिकेट प्रतियोगिता अन्तर्गत शनिबार भएको दुई खेलमा कर्णाली र सुदूरपश्चिम प्रदेश विजयी भएका छन्।

नेपाल क्रिकेट संघ मधेश प्रदेशको आयोजना तथा मधेश प्रदेश सरकारको शिक्षा तथा समाज कल्याण मन्त्रालयको आर्थिक सहयोगमा जनकपुरधामको रजौलमा निर्माणाधीन रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालामा शनिबार भएको खेलमा लुम्बिनी प्रदेश विजयी भएका छन्। लुम्बिनीले कर्णाली प्रदेशलाई ३३ रनले पराजित गरेको छ।

दोस्रो खेलमा मधेश प्रदेशलाई सुदूरपश्चिम प्रदेशले ४ विकेटले पराजित गर्‍यो। पहिला ब्याटिङ गरेको मधेश प्रदेशले ७ विकेटको क्षतिमा १०५ रनको योगफल बनाएको थियो। १०६ रनको लक्ष्यसहित मैदानमा उत्रिएको सुदूरपश्चिम प्रदेशले १८ ओभरमा ४ विकेट बाँकी छदै १०८ रन बनाउँदै विजयी भयो । सुदूरपश्चिमका दीपक बोहोराले ४५ बलमा ४१ रन बनाएर टिमलाई जित तर्फ डोर्‍याएका थिए।

मधेश प्रदेशले खेलेको पाँच खेलमा ४ खेल जितेको छ भने शनिबारको खेलमा पहिलो पटक हारको सामना गरेको छ।

# साइकल ¥याली तथा वाकथन दौड प्रतियोगिता

**अनिल तिवारी**

वीरगञ्ज । वीरगन्ज स्थित भारतीय महावाणिज्य दूतावासले विभिन्न कार्यात्रिमको आयोजना गरेको छ।

भारतले मनाउँदै आएको आजादीको अमृत महोत्सव तथा विश्व साइकल दिवसको उपलक्ष्यमा भारतीय महावाणिज्य दूतावासले शनिबार बिहान उद्घाटन गरेका थिए।

महावाणिज्य दूतावास कार्यालयबाट सुरु भएको उक्त लामो साइकल ¥यालीमा स्थानीय समाज सेवी व्यापारी कार्यालयका कर्मचारीलगायत करीब ५० जनाको सहभागिता रहेको थियो।

पावरहाउस चोक-गण्डक-बाइपास सडक हुँदै किरण आँखा



साइकल ¥याली तथा वाकथन (पैदल यात्रा) आयोजना गरको थियो।


बिहान सुरु भएको साइकल ¥यालीको भारतीय महाबाणिज्यदूत नितेश कुमारले झण्डा हलाउँदै अस्पताल-त्रिभुवन राजमार्ग-इनर बाइपास सडक-घण्टाघर-वाणिज्य दूतावास-पावरहाउस चोक हुँदै पुनः महावाणिज्य दूतावासमा पुगेर सम्पन्न भएको थियो।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'लू'बाट बच्न सतर्कता अपनाउन महाशाखाको अनुरोध

काठमाण्डु । देशका तराई भू-भागमा आगामी केही दिनसम्म तातो हावा तथा 'लू' लाग्न सक्ने सम्भावना रहेकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ।

तातो दिन तथा लूसम्बन्धी विशेष बुलेटिन जारी गर्दै महाशाखाले अबका पाँच दिनसम्म आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो।

"आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भू-भागमा अधिकतम र न्यूनतम तापक्रम क्रमिक रूपमा बढ्दै जाने देखिन्छ। तसर्थः तराईका भू-भागमा तातो हावा र लूबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध छ", बुलेटिनमा उल्लेख छ।



महाशाखाका मौसमविद् गोविन्दकुमार झाले अबका तीन दिनसम्म लूचल्ने सम्भावना रहेको बताउनुभयो। "विगत दुई दिनदेखि तराईका अधिकांश भू-भागमा लू चलिरहेको छ। समग्रमा तराईको मध्य क्षेत्र सप्तरीदेखि भैरहवा क्षेत्रमा तापक्रम ४० डिग्री नाघेर तातो हावा तथा लू चलेको छ । नेपालगञ्जलगायत क्षेत्रमा तापक्रम ४० डिग्री हाराहारी छ, यसले गर्मी बढेको छ", उहाँले भन्नुभयो।

लू चल्नका लागि लगातार पाँच दिनसम्म सामान्यभन्दा ४० डिग्रीभन्दा माथि तापत्रम बढेमा लू चलेको मानिन्छ। वर्षा नहुँदा सुक्खापन चलेकाले तापक्रम बढेर लू चलेको मौसमविद् झाको भनाइ छ।

साथै पहाडी भू-भागका उपत्यका तथा खोँचमा समेत तापक्रम क्रमिक रूपमा बढ्न सक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहन पनि महाशाखाले अनुरोध गरेको छ।

महाशाखाका अनुसार विगत केही दिनदेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको छ।

काठमाडौँ उपत्यकालगायत देशका अन्य उपत्यकामा समेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र देशको तराई भू-भागमा, मुख्यतयाः मध्य तराई र आसपासमा अधिकतम तापक्रत्र ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन भएको छ।

तातो हावा तथा लूबाट हुने सम्भावित असर जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुःख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न आग्रह गरिएको छ।

तातो हावा तथा लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने (घाममा हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ, जुस, सर्वत आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या आएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही सल्लाह सुझाव लिन पनि महाशाखाले सुझाएको छ। काठमाण्डुमा अझै तीन दिन वर्षा नहुने

महाशाखाका अनुसार हाल देशमा पश्चिमी वायुका साथै स्थानीय वायुको आंशिक प्रभाव कायमै रहेकाले विगत केही दिनदेखि काठमाण्डु उपत्यकासहित देशभर गर्मी बढेको छ। मौसमविद् झाका अनुसार अहिले काठमाडौँ उपत्यकासहित देशका पहाडी भेगमा आंशिक बदली रहेको छ। तराई क्षेत्रमा तापक्रम निरन्तर बढिरहेको छ।

काठमाण्डु अबको तीन दिनसम्म वर्षाको सम्भावना नरहेको मौसमविद् झाले बताउनुभयो।

कर्णाली, गण्डकी र सुदूरपश्चिमका केही स्थानमा बदली र वर्षाको सम्भावना रहेको छ । काठमाण्डु शुक्रबार र आज न्यूनतम तापक्रम १७ डिग्री र अधिकतम तापक्रम समान ३२ डिग्री सेल्सियस रहेको छ।

विगत केही दिनयता बढेको अत्यधिक गर्मीका कारण धनुषा, बारा, पर्सासहित तराई मधेसका जिल्लाको जनजीवन कष्टकर बनेको राससमा सम्बन्धित जिल्लाबाट समाचार सम्प्रेषण भएका छन्। तराई मधेसमा ४० देखि ४४ डिग्री सेल्सियससम्म तापक्रम वृद्धि भएको बताइएको छ। रासस

# चुरेकाछका महिलामा आङ खस्ने र पाठेघरको समस्या

महोत्तरी। महोत्तरीको चुरेकाछ बस्तीमा आङ खस्ने र पाठेघरको समस्या भएका धेरै महिला भेटिएका छन् । बर्दिबास-४ माईस्थानको कामीडाँडा बस्तीमा नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखाले महिलाका लागि आयोजना गरेको दुईदिने स्वास्थ्य शिविरमा चार सय महिलामा आङ खस्ने र पाठेघर समस्या पाइएको हो।

बिहीबार र शुक्रबार गरी दुई दिन सञ्चालित शिविरमा सात सय ५८ महिलाले स्वास्थ्य जाँच गराएका छन्।

जसमध्ये चार सयमा आङ खस्ने र पाठेघरको मुखको क्यान्सर देखिएको रेडक्रस उपशाखा बर्दिबासले जनाएको छ। शिविरमा आङ खस्ने र पाठेघरको मुखको क्यान्सर तथा यसको रोकथामबारे (भिसिटी) बारे जाँच गरिएको थियो।

जाँच भएकामध्ये १९ जनाको पाठेघरको शल्यक्रिया गरिने र आङ खस्ने समस्या भएका १५ महिलालाई रिङ लगाइने जाँचमा संलग्न महिला रोग विशेषज्ञ डा दीपक शाहलाई उद्धृत गर्दै रेडक्रस उपशाखा बर्दिबासका सभापति रेवन्त कार्की 'सुदीप'ले जानकारी दिनुभयो।

रेडक्रस उपशाखाले शिविरका लागि बर्दिबास नगरपालिका क्षेत्रको भित्री बस्ती चुरेकाछ नजिक चयन गरेको थियो।

नगरपालिका भनिए पनि चुरेकाछका बासिन्दा स्वास्थ्य जाँच र उपचारबाट बञ्चित हुने गरेकाले यस क्षेत्र शिविरका लागि छनोट गरिएको उहाँले बताउनुभयो।

"मधेस प्रदेशमा भए पनि चुरेकाछका बस्तीहरू पहाडी परम्परा र चलनका छन्, यहाँका महिलाको जीवन डोको/नाम्लो, घाँस/दाउरा र घरको बुहार्तनमा बित्छ", कार्कीले भन्नुभयो, "त्यसैले स्वास्थ्य जाँच र उपचारको अवसरबाट बञ्चित हुने चुरेकाछ क्षेत्रमा शिविर राखिएको हो।"

तामाङ, मगर, कामी, सार्की र दमाईंलगायत दलित समुदायको बाहुल्यताको रहेको यस क्षेत्रका महिलाले बढी गर्भधारण गर्ने र बच्चा जन्माउने पाइएकाले यहाँका महिलामा आङ खस्ने र पाठेघरसम्बन्धी समस्या बढी हुने सम्भावना देखेपछि यहाँ शिविर राखिएको कार्कीको भनाइ छ।

शिविरमा जाँचपछि चिकित्सकको सिफारिसअनुसार बिरामीलाई निःशुल्क औषधि वितरण गरिएको छ । त्यसैगरी, रिङ लगाउने तथा शल्यक्रिया सुविधायुक्त अस्पतालमा एक साताभित्रै निःशुल्क उपलब्ध गराइने रेडक्रस उपशाखाले जनाएको छ।

मुख्यतः महिलाका लागि पाठेघरको मुखको क्यान्सर जाँच, पिसाब चुहिने रोगको पहिचान र उपचार, आङ खस्ने रोगको प्रतिरोधात्मक उपचार, पाठेघर जाँच, थर्मोकुलस सेवा, फिस्टुलाको शल्यक्रिया र भिडियो एक्स-रेसहितका जाँच सेवाका लागि महिला केन्द्रित शिविर आयोजना भएको सभापति कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार शिविरमा आँखा जाँच र उपचार सेवा पनि सञ्चालन गरिएको थियो। कामीडाँडा मावि परिसरमा सम्पन्न शिविरमा विद्यालयका तीन सय १० छात्रछात्राको आँखासहित विभिन्न जाँच र चार सय १० सर्वसाधारणको आँखा जाँच र उपचार गरिएको आँखा विशेषज्ञ डा दीना ठाकुरले बताउनुभयो । जाँच गराएका छात्रछात्रामध्ये १२ जनालाई चस्मा उपलब्ध गराइएको छ। त्यसैगरी, आँखा जाँच गराएका सर्वसाधारणमध्ये २७ जनाको मोतिविन्दुको शल्यक्रिया गरिने डा ठाकुरले जानकारी दिनुभयो । शिविरमा बाल स्वास्थ्य जाँच, आँखा जाँच तथा उपचार बालरोग विशेषज्ञ डा अनिल शाह र आँखा विशेषज्ञ डा दीना ठाकुर नेतृत्वको चिकित्सक टोलीले गरेको हो।

महिलातर्फको जाँच र उपचार वरिष्ठ महिला विशेषज्ञ डा दीपक साह र डा कैलाश मण्डल, वरिष्ठ रेडियोलोजिस्ट डा अजय यादव र दक्ष स्वास्थ्यकर्मी (नर्स, अहेब)सहित १८ सदस्यीय चिकित्सक टोलीले गरेको रेडक्रस उपशाखाका सभापति कार्कीले जानकारी दिनुभयो।

शिविर सञ्चालनमा प्राविधिक सहयोग सामुदायिक सेवा प्रतिष्ठान भक्तपुर, आर्थिक सहयोग बर्दिबास नगरपालिका र अन्य व्यवस्थापकीय सहयोग बर्दिबास हेल्प फाउन्डेसन, रोटरी क्लब अफ बर्दिबास र कामीडाँडा मावि परिवारले गरेको रेडक्रस बर्दिबास उपशाखाले जनाएको छ। रासस

# कोभिड-१९ को मापदण्ड परिमार्जन, अब मास्क स्वेच्छिक

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण दर घटदै गएपछि स्वेच्छिकरुपमा मास्कको प्रयोग गर्न आग्रह गरेको छ।

मन्त्रालका वरिष्ठ जनस्वास्थ्य प्रशासक डा समिर कुमार अधिकरीले एक सूचना जारी गर्दै सङ्क्रमण दर घट्दै गएपछि कोभिड-१९को मापदण्ड परिमार्जन गर्दै मास्कको प्रयोगलाई स्वेच्छिक बनाएको बताउनुभयो । यसअघिसम्म मास्क प्रयोग अनिवार्य थियो।

मन्त्रालयले सङक्रमण दर न्यून भएपछि राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय यात्रुले कोभिड-१९ को परीक्षण गरेको र कोभिड-१९ को विरुद्धको खोप लगाएको प्रमाण आवश्यक नभएको समेत बताउनुभयो । उहाँले अब कोभिड-१९ को कडाइको रुपमा मापदण्ड पालना गर्नुपर्नेलाई सहज गर्दै अन्तर्राष्ट्रिय नाकामा खोप कार्ड र परीक्षण कार्ड आवश्यक नपर्ने जानकारी दिनुभयो।

मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण दर र अस्पतालमा भर्ना दरमा उल्लेखनीय कमी आएको र अधिकांश मानिसले कोभिड-१९ को पूर्णमात्रा खोप लगाइसकेको अवस्था र छिमेकी मुलुक भारतमा पनि कोभिड-१९ को सङ्क्रमण दर न्यून रहेकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय यात्रुले कोभिड-१९ परीक्षण र कोभिड-१९ विरुद्धको खोप लगाएको प्रमाणपत्र चाहिने व्यवस्था हटाएको हो। मन्त्रालयले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका तत्कालिन निर्देशक डा चुमनलाल दास संयोजकत्वमा गठित विज्ञ टोलीले अर्को सूचना नभएसम्मका लागि कोरोना परीक्षण र खोप लगाएको प्रमाणपत्र नचाहिने सिफारिस गरेको थियो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसका विरामीलाई नियमित निगरानी र जोखिममा रहेका शंकास्पद यात्रुको स्क्रिनिङ भने गरिने उल्लेख गरेको छ । मन्त्रालयले कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट भएको सहयोगप्रति कृतज्ञता व्यक्त गरेको छ। रासस

# 'केही वर्षभित्र नेपाललाई सफा देशको सूचीमा पुऱ्याउने उद्देश्य छ' : विज्ञ शर्मा

काठमाण्डु । सरसफाइ अभियन्ता एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का जनस्वास्थ्य तथा सरसफाइ विज्ञ खेम शर्माले केही वर्षभित्र नेपाललाई सफा देशको सूचीमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

विश्व वातावरण दिवसको पूर्वसन्ध्यामा फोहरमैला व्यवस्थापन सङ्घ नेपालद्वारा यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै विज्ञ शर्माले केही वर्षभित्र नेपाललाई सफा देशको सूचीमा पुऱ्याउने उद्देश्यका साथ देशविदेशमा बस्ने सम्पूर्ण नेपालीलाई समावेश गरी तीनै तहका सरकारको सहभागितामा 'स्वच्छ नेपाल स्वस्थ नेपाली' नाराका साथ राष्ट्रिय सरसफाइ अभियान यसै वर्षदेखि सुरु गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिलेसम्म विभिन्न मन्त्रालय, विभाग एवम् कार्यालयहरूले निर्माण गरेका जनस्वास्थ्य र सरसफाइसम्बन्धी नीति, नियम एवम् निर्देशिका आगामी साउन १ गतेदेखि थप प्रभावकारी रूपमा अगाडि बढाउन प्रधानमन्त्रीबाट निर्देशन भइसकेको छ।"

विज्ञ शर्माले विश्व मजदुर दिवसको दिन केही महत्वपूर्ण निर्णयहरूसमेत भएको जानकारी गराउनुभयो। यसै वर्षदेखि लागू हुने गरी राष्ट्रका उच्च तहबाट वार्षिक रूपमा प्रदान गरिने विभिन्न सम्मान तथा पुरस्कारमा कम्तीमा दुई प्रतिशत मजदुरलाई समावेश गर्ने नीति सरकारले लिएको उहाँको भनाइ छ।

विज्ञ शर्माले सम्पूर्ण मजदुरको काम, कर्तव्य र अधिकार स्पष्ट पार्दै सेवा, सर्त र सुविधा निश्चित तथा वैधानिक गर्न अनुगमनकारी निकायलाई सक्रिय गराउने प्रतिबद्धता व्यक्त गर्दै सरसफाइमा खटिने सम्पूर्ण मजदुरलाई दक्ष बनाउने उद्देश्यका साथ सरकारी निकाय र संस्थाले अनिवार्यरूपमा आफ्ना मजदुरलाई पेसागत तालिम, आधुनिक सामग्री र सुरक्षासहितको उचित पोसाकको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

आगामी आर्थिक वर्ष २०८०/८१ देखि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सम्पूर्ण औद्योगिक प्रतिष्ठान, उद्योग र कार्यालयमा अनिवार्य रूपमा लागू गर्न पहल गरिने उहाँले बताउनुभयो। विज्ञ शर्माले समग्र सरसफाइकर्मीले भोग्दै आएका समस्या समाधानका लागि सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रत्येक नागरिक स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक हक सरसफाइकर्मीको सहयोगबिना असम्भव भएको उल्लेख गर्दै उहाँले सरकारले सरसफाइलाई बजेटमा समेत प्राथमिकता दिएको बताउनुभयो। ७९ कम्पनीको छाता सङ्गठन फोहरमैला व्यवस्थापन सङ्घ नेपालले हाल तीन हजारभन्दा बढी सरसफाइकर्मीलाई प्रत्यक्षरूपमा रोजगारी प्रदान गर्दै आएको छ। सङ्घले काठमाडौँ महानगरको ७९ र काठमाण्डु उपत्यकाको ९० प्रतिशत फोहरमैला व्यवस्थापन गर्दै आएको छ।

चार सय ५० भन्दा बढी ढुवानीका साधनको प्रयोग गर्दै करिब चार सय किलोमिटर सडकको सफाइ, करिब चार लाख घर/निकाय, प्रतिष्ठानलगायतलाई सेवा पुऱ्याउँदै आएको छ । विश्व वातावरण दिवसको पूर्वसन्ध्यामा आज प्रभातफेरीको आयोजना गरिएको थियो। संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमको आह्वानमा सन् १९७४ देखि हरेक वर्ष जुन ५ तारिखको दिनलाई विश्व वातावरण दिवसका रूपमा मनाइँदै आएको छ। सन् १९७२ मा स्विडेनको राजधानी स्टकहोममा मानव वातावरणसम्बन्धी संयुक्त राष्ट्र सम्मेलनको पहिलो दिनमा उक्त सभाले तय गरेको यो दिवसलाई सन् १९७४ देखि 'मात्र एक पृथ्वी' वा 'वन्ली वन अर्थ' नाराका साथ विश्वव्यापी उत्सव बनाइएको थियो। रासस

# प्रधानमन्त्रीको भारत भ्रमणमा के के भए सहमति र सम्झौता

काठमाण्डु । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारतको चारदिने औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' आज स्वदेश फर्कंदै हुनुहुन्छ । प्रधानमन्त्री दाहाल नेपाली उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही जेठ १७ गते नयाँ दिल्ली प्रस्थान गर्नुभएको थियो । पदभार ग्रहण गरेपछिको प्रधानमन्त्री दाहालको यो पहिलो भारत भ्रमण हो।

प्रधानमन्त्रीसँगै भ्रमण टोलीमा परराष्ट्रमन्त्री नारायण प्रकाश साउद, अर्थमन्त्री डा प्रकाश शरण महत, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल हुनुहुन्छ।

भ्रमणका क्रममा परम्परागत न्यानोपन तथा सौहार्दताका साथ दुवै प्रधानमन्त्रीले द्विपक्षीय विषयमा व्यापक छलफल गर्नुभएको थियो । वार्ताका क्रममा राजनीतिक, आर्थिक, व्यापार, ऊर्जा, सुरक्षा तथा विकास सहकार्यलगायतका विषयवस्तुलाई समेट्दै दुवै प्रधानमन्त्रीले भारत र नेपालबीचको द्विपक्षीय एजेन्डाका सम्पूर्ण पक्षको समीक्षा गर्नुभएको थियो । प्रधानमन्त्री दाहालले भारतका राष्ट्रपति द्रौपदी मुर्मू तथा उपराष्ट्रपति जगदीप धनकडसँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो।

त्यस्तै, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले प्रधानमन्त्री दाहालसँग दिल्लीमा शिष्टाचार भेटवार्ता गर्नुभएको थियो। दुवै प्रधानमन्त्रीले दुई देशबीच रहेको उत्कृष्ट सहकार्यको उल्लेख गर्नुभयो । जुन सहकार्य कोभिड-१९ महामारीले निम्त्याएको विषम परिस्थितिको बेला पनि कायम थियो। दुई देशबीचको बलियो आर्थिक तथा व्यापार साझेदारीमाथि प्रकाश पार्दै दुवैले अन्य सम्झौतालगायत भारतको आन्तरिक जलमार्गमा पहुँच प्रदान गर्ने संशोधित पारवहन सन्धिमा हस्ताक्षर गरेकामा स्वागत गर्नुभएको थियो।

**विद्युत् व्यापारमा महत्वपूर्ण उपलब्धि**

ऊर्जा क्षेत्रमा सहकार्यका लागि सन् २०२२ अप्रिलमा जारी गरिएको संयुक्त दृष्टिकोणपत्रको स्मरण गर्दै ऊर्जा क्षेत्र सहकार्यमा हासिल प्रगतिप्रति दुवै प्रधानमन्त्रीले सन्तुष्टि व्यक्त गर्नुभएको थियो । यसमा जलविद्युत् परियोजनाको विकास, विद्युत् प्रसारण, पूर्वाधार तथा ऊर्जा व्यापार समावेश छन् । दुवै प्रधानमन्त्रीले नेपालबाट भारततर्फ चार सय ५२ मेगावाटसम्म भएको विद्युत् निर्यात र नेपालमा नौ सय मेगावाट क्षमताको अरुण-३ जलविद्युत् परियोजनाको निर्माणमा भएको प्रगतिको प्रशंसा गर्नुभएको थियो।

दुवै पक्षले दीर्घकालीन ऊर्जा व्यापारका लागि सहमति जनाएका थिए। जसअनुसार दुवै पक्ष नेपालबाट भारतमा हुने विद्युत् निर्यातको परिमाण १० वर्षको अवधिभित्र १० हजार मेगावाट पुऱ्याउन र यसका लागि आपसी सहयोगलाई प्रोत्साहित गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्न सहमत छन्।

सो अवसरमा प्रधानमन्त्रीद्वयले संयुक्त रूपमा चार सय केभी गोरखपुर-बुटवल प्रसारण लाइनको भूमिपूजन कार्य गर्नुभयो। चार सय ८० मेगावाटको फुकोट-कर्णाली परियोजनाको निर्माणका लागि एनएचपिसी र भियुसिएल लिमिटेडबीच समझदारीपत्रमा हस्ताक्षर तथा छ सय ६९ मेगावाटको तल्लो अरुणको निर्माणका लागि सतलज जलविद्युत् निगम र नेपाल लगानी बोर्डबीच सम्पन्न परियोजना विकास सम्झौताको दुवै पक्षले स्वागत गरेका थिए।

नेपालबाट बङ्गलादेशसम्म भारतीय ग्रिडमार्फत ४० मेगावाटसम्मको विद्युत् निर्यात गर्न पहिलो त्रिपक्षीय विद्युत् कारोबारलाई सहजीकरण गर्ने भारत सरकारको निर्णयलाई नेपाली पक्षले स्वागत गरेको छ। दुवै पक्षले ऊर्जा क्षेत्रलगायत बृहत् उपक्षेत्रीय सहयोगका लागि आफ्नो प्रतिबद्धता जाहेर गरे । यसले सबै सरोकारवालाहरूको पारस्परिक हितका लागि अर्थतन्त्र बीचको अन्तर सम्बन्धलाई बढाउनेछ।

**पञ्चेश्वर आयोजनाको डिपिआर अन्तिम रुप दिने सहमति**

महाकाली सन्धिमा परिकल्पना गरिएको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना नेपाल र भारतका नागरिकको आकाङ्क्षाअनुरुप हो । यस सन्दर्भमा दुवै सरकारका सम्बन्धित अधिकारीहरूले तीन महिनाभित्र पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लाई छिट्टै अन्तिम रुप दिन द्विपक्षीय छलफललाई तीव्रता दिने सहमति भएको छ । पञ्चेश्वर विकास प्राधिकरणले अन्तिम डिपिआर दुवै सरकारलाई बुझाउनेछ। उक्त आयोजनाका लागि आवश्यक पर्ने वित्तीय व्यवस्था दुई सरकार र तिनीहरूका सम्बन्धित निकायले गर्नेछन् । दुवै सरकारले डिपिआर स्वीकृत गरेपछि एक वर्षभित्र कार्यान्वयनको ढाँचा टुङ्गो लगाइनेछ।

दुवै पक्षले टनकपुर लिङ्क क्यानल निर्माणको स्वागत गर्दै नेपालतर्फ आवश्यक पर्ने संरचनाको उपलब्धताका आधारमा चरणबद्ध रूपमा टनकपुर ब्यारेजबाट नेपालको सिँचाइ कमान्ड एरियामा नहरबाट पानी छोड्ने सहमति भएको छ। यस सम्बन्धमा दुवै पक्षका प्राविधिक टोली सम्पर्कमा रहनेछन्।

भेरी करिडोर, निजगढ-इनरुवा र गण्डक नेपालगञ्ज प्रसारण लाइन र यससँग सम्बन्धित सबस्टेसनहरू भारतीय लाइन अफ क्रेडिटअन्तर्गत छ सय ७९ दशमलव आठ (६७९.८)मिलियन अमेरिकी डलर अनुमानित लागतमा लगानी गर्ने भारत सरकारको निर्णयलाई दुवै पक्षले स्वागत गरेका छन्।

दुई देशका प्रधानमन्त्रीले विकास साझेदारीले हासिल गरेको सकारात्मक गतिको सराहना गर्नाका साथै प्रमुख परियोजनाहरूको कार्यान्वयनको समीक्षा गर्नुभयो । प्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्री मोदीलाई भारतको सहयोगमा अघि बढिरहेका सबै परियोजनालाई समयमै सम्पन्न गराउन नेपाल सरकारले पूर्णरूपमा सहजीकरण गर्नेबारे आश्वस्त पार्नुभयो।

यसैगरी, भारत सरकारको अनुदान सहयोगमा भारत र नेपालबीच निर्माणाधीन एकीकृत जाँच चौकीमार्फत कनेक्टिभिटीलाई थप गति प्रदान गर्न दुई प्रधानमन्त्रीले भारतको रुपैडिहा र नेपालको नेपालगञ्जमा निर्माण हुने एकै किसिमका एकीकृत जाँच चौकीको उद्घाटन गर्नुभयो । त्यस्तै, दुई प्रधानमन्त्रीले भारतको सुनौली र नेपालको भैरहवामा एकीकृत जाँच चौकीको निर्माणका लागि भूमिपूजन सम्पन्न गर्नुभयो। भ्रमणका क्रममा भारत सरकारको अनुदान सहयोगमा नेपालको दोधारा चाँदनीमा एकीकृत जाँच चौकीको निर्माणका लागि एक समझदारीपत्रमा हस्ताक्षर पनि भयो । यी एकीकृत जाँच चौकीले यातायातको सुविधालाई सहज बनाई जनता-जनताबीचको सम्पर्कका साथै दुई देशबीचको व्यापार, वाणिज्य तथा आर्थिक सम्बन्धलाई थप सुदृढ बनाउन मद्दत गर्नेछ।

**रेल सम्पर्क सञ्जालमा उपलब्धि**

रेल कनेक्टिभिटीलाई थप सुदृढ बनाउने प्रयासअनुरुप दुई देशका प्रधानमन्त्रीले भारत सरकारको अनुदान सहयोगमा निर्मित जोगबनी-विराटनगर रेलमार्गअन्तर्गत भारतको बथनाहादेखि नेपाल भन्सार यार्डसम्म उद्घाटनस्वरुप गरिएको सीमापार यात्रुवाहक रेल सञ्चालनको अध्यक्षता गर्नुभयो । यसले पूर्वी नेपालको व्यापारिक केन्द्रका रूपमा रहेको विराटनगरमार्फत दुई देशबीच व्यापार एवम् वाणिज्य सम्पर्कलाई थप बलियो बनाउनेछ । गत वर्षको अप्रिलदेखि सञ्चालनमा आएको जयनगर-कुर्था यात्रुवाहक रेल सेवालाई थप विस्तार गर्न कुर्था-बिजलपुरा रेलखण्ड नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो। उक्त रेलखण्ड चाँडै सञ्चालनमा आउनेछ।

भ्रमणका क्रममा रक्सौल-काठमाडौँ रेलमार्गको अन्तिम स्थलगत सर्भे प्रतिवेदन पनि नेपाली पक्षलाई हस्तान्तरण गरिएको छ । नेपाली रेल अधिकारीहरूको क्षमता अभिवृद्धिका लागि भारतका रेलवे प्रतिष्ठानहरूमा तालिमको प्रबन्ध र जयनगर-कुर्था रेलखण्डको पूर्वाधार मर्मतका लागि अनुदानको व्यवस्थाका लागि नेपाल सरकारको अनुरोधबमोजिम भारत सरकारले सोही अनुरुप गर्ने सहमति जनाएको छ। गत वर्षको अप्रिलमा भारत र नेपालका प्रधानमन्त्रीले संयुक्तरूपमा जयनगर-कुर्था रेलखण्डको उद्घाटन गर्नुभएको थियो।

ऊर्जा कनेक्टिभिटीका सम्बन्धमा दुवै प्रधानमन्त्रीले सन् २०१९ को सेप्टेम्बरमा उद्घाटन भएको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनका फाइदाबारे चर्चा गर्नुभयो। यो सहकार्यलाई थप सुदृढ बनाउन दुवै प्रधानमन्त्रीले चितवनमा निर्माण हुने दोस्रो चरणको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको शिलान्यास गर्नुभयो । भ्रमणका क्रममा सिलिगुडीदेखि झापासम्मको पेट्रोलियम पाइपलाइन निर्माण, अमलेखगञ्जदेखि चितवनसम्म तेल पाइपलाइन विस्तार र चितवन र झापामा दुईवटा ग्रिनफिल्ड टर्मिनल निर्माणका लागि एक समझदारीपत्रमा हस्ताक्षर भयो।

दुवै पक्षले भारत र नेपालबीच डिजिटल वित्तीय कनेक्टिभिटीलाई अझ मजबुत बनाउने निर्णय गऱ्यो । यस सम्बन्धमा सीमापार डिजिटल भुक्तानी सहजीकरणका लागि भारतको एनपिसिएल र नेपालको एनसिएचएलबीच समझदारीपत्र आदानप्रदान भयो।

दुवै प्रधानमन्त्रीले गत वर्षको फेब्रुअरीमा भारतबाट नेपालतर्फ युरिया र डिएपीको आपूर्तिका लागि भएको समझदारीको चर्चा गर्नुभयो। यस सहकार्यलाई थप बलियो पार्न दुवै प्रधानमन्त्रीबीच नेपाल र भारतका किसानलाई आवश्यक मल उपलब्ध गराउने गरी एवम् दुवैतर्फ पर्याप्त बजारको सुनिश्चितताका लागि नेपाल र भारतका सार्वजनिक एवम् निजी क्षेत्रको सहभागितमा नेपालमा मल उद्योग स्थापना गर्ने सहमति भएको छ । दुई देशका प्रधानमन्त्रीले सम्बन्धित निकायहरूलाई त्यस्तो उद्योग स्थापनाका लागि आवश्यक तयारी एवम् अध्ययन गर्न निर्देशन पनि दिनुभयो।

**महाकालीमा दुई पुलको निर्माण गर्ने निर्णय**

भारत सरकारले अनुदानमा नेपालका सिर्सिया र झुलाघाटमा महाकाली नदीमा भारतको चम्पावत र पिथौरागढ जोड्ने दुईवटा पुलको निर्माण गर्ने निर्णय गरेको छ। यी पुलले भारतको उत्तराखण्ड र नेपालको सुदूरपश्चिम प्रदेशबीच सम्पर्क विस्तार गर्न मद्दत गर्नेछ।

कृषि क्षेत्रलाई नयाँ गति दिने उद्देश्यले दुवै पक्षबीच 'नानो फर्टिलाइजर' र प्राकृतिक खेती जस्ता द्विपक्षीय सहकार्यको नवीन आयामबारे छलफल भयो । कृषि तथा पशुपक्षीको क्षेत्रमा दुई देशबीचको सहकार्यअनुरुप नेपाल सरकारको अनुरोधमा १५ वटा मुर्रा भैँसी नेपाल सरकारकलाई उपलब्ध गराइँदैछ।


भारत सरकारले अनुदान सहयोगमा नेपाललाई दक्षिण एसिया स्याटलाइटको सेवा प्रदान गर्न एउटा ग्राउन्ड स्टेसनको निर्माणका साथै तीन सयवटा टर्मिनल उपलब्ध गराउने भएको छ। यो प्रयासले अन्तरीक्ष क्षेत्र तथा अन्तरीक्ष प्रविधि एप्लिकेसन विशेषगरी दूरसञ्चार तथा प्रसारण, टेलिमेडिसिन, दूरशिक्षा, ई-गोभर्नेन्स, बैंकिङ तथा एटिएम सेवा, मेटोरोलोजिकल डाटा प्रसारण, विपद् उद्धार, अनुसन्धानलगायत क्षेत्रमा क्षेत्रीय सहकार्यलाई प्रवर्द्धन गर्नेछ।

प्रधानमन्त्री मोदीले 'इन्टरनेसनल बिग क्याट एलाइन्स'को संस्थापक सदस्य भएकामा नेपाललाई बधाई दिनुभएको थियो । प्रधानमन्त्री प्रचण्डले यही जेठ १९ गते मध्यप्रदेशको इन्दौर र उज्जैनको भ्रमण गर्नुभएको थियो । यी सहरको भ्रमणले दुई देशबीचको गहिरो धार्मिक एवम् सांस्कृतिक सम्बन्धलाई प्रतिबिम्बित गरेको छ।

नेपाल भारतको छिमेक पहिलो नीतिको एक प्रमुख साझेदारका रूपमा रहेको छ । नेपालका प्रधानमन्त्रीको भारत भ्रमणले दुई देशबीचको उच्चस्तरीय भ्रमण तथा भेटघाटको परम्परालाई निरन्तरता दिएको छ । जसले सदियौँ पुरानो सम्बन्धलाई मजबुत बनाउन मद्दत गरेको छ। भ्रमणका दौरान भएका फलदायी छलफलले दुई देशबीचको समझदारी र द्विपक्षीय एजेन्डाका विविध पक्षको दृष्टिकोणलाई फराकिलो पार्नाका साथै दुई देशबीचको गहिरो साझेदारीलाई नयाँ मोड दिन सघाउ पुऱ्याएको छ। रासस

जनकपुरटुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# भ्रमण उपलब्धिमूलक

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणमा चार दिने भारतको भ्रमण गरी नेपालको हितमा कयौं महत्वपूर्ण सम्झौताहरु गरेका छन् । सबैभन्दा महत्वपूर्ण विषय दीर्घकालिन रुपमा भारतले नेपालको उत्पादित विद्युत खरिद गर्नेछ। त्यसका लागि नेपाल र भारतबीच १० वर्षे उर्जा सम्झौता भएको छ। नेपालमा उत्पादन हुने विद्युतको ठूलो बजार भारत बनेको छ।नेपालमा पर्याप्त जलविद्युत उत्पादन हुने प्रकृयामा छ । हाल पनि नेपालमा निर्यात योग्य बिजुली उत्पादन भइरहेको छ । जलविद्युत उत्पादन गर्न ठूलो लगानी गर्नुपर्ने भएकाले पनि त्यसको बजार सुनिश्चितता पहिले हुनुपर्ने आवश्यक थियो । प्रधानमन्त्री प्रचण्डले उर्जा सम्बन्धमा गरेको सम्झौता अत्यन्त उपलब्धिमूलक हो । नेपाली विद्युत भारतले खरिद गरिदिने भएपछि अन्यत्रको बजार भन्दा सजिलो हुने भएकोछ। भारतसित नेपालको विद्युत प्रसारण लाइन पहिलेदेखि नै जोडिएकाले सस्ता भएको हो । नेपालमा विद्युत उत्पादनमा लगानी बढिरहेको र उत्पादित विद्युत खरिद गर्न सम्झौता भइसकेकाले अब अझै लगानीकर्ताहरु बढने सम्भावना देखिएको छ। त्यसैगरी,प्रधानमन्त्री प्रचण्डले थप उपलब्धिमूलक कार्यहरुमा मल कारखाना खोल्न भारतको सहयोग प्राप्ति पनि रहेको छ । हरेक वर्ष नेपाली किसानहरुले मलको अभावमा राम्रो उत्पादन गर्न सकिरहेका छैनन् । मलको समस्यालाई समाधान गर्न प्रधानमन्त्री प्रचण्डले भारतीय समकक्षी मोदीलाई गरेको आग्रहलाई भारतले सकारात्मक रुपमा लिएको छ। सीमा विवादलाई स्थायी रुपमा समाधान गर्न नयाँ विकल्पको विषयमा छलफल भएकोछ। नेपाल र भारतबीचको सीमाबारे बेलाबखत विवाद आउने गरेको छ । नेपालको भूमिलाई भारतले अतिक्रमण गरेको आरोप लाग्ने गरेको छ। तर भारतका लागि नेपाली भूमि अतिक्रमण गर्नुको कुनै अर्थ छैन् । नेपाली भूमि भारत विरुद्धको कुनै प्रकारको गतिविधिमा प्रयोग भएको छैन् । बंगलादेशसंग भारतहुँदै सीधा सडकमार्ग व्यवस्थापको विषयमा पनि भारत सरकारात्मक रहेको छ। नेपालको आवश्यकता अनुसार भारतले हरेक क्षेत्रमा सहजतापूर्वक काम गर्न चाहेको देखिन्छ । नेपालका केही उच्चपदस्थ व्यक्तिहरुले गरेको आशंका विपरीत भारतले उदारदतापूर्वक प्रधानमन्त्री प्रचण्डसित सहकार्य गर्न चाहेको छ। नेपालको वृहत्‌हितका लागि भारतले सदासयता देखाएकोछ। नेपाल र भारतबीच सहकार्य गर्ने प्रचुर मुद्दाहरु छन् । भारत अन्तर्राष्ट्रिय शक्तिको रुपमा स्थापित भइसकेको राष्ट्र हो । नेपाल पर्यटनका लागि अत्यन्त उपयुक्त गन्तव्य हो । भारतको सहयोगमा नेपालमा पूर्वाधारको क्षेत्रमा उल्लेख्य कार्यहरु गर्न सकिन्छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि भारतीय सहयोगलाई बढाउन सकिन्छ । नेपालले भारतलाई आर्थिक सहयोग गर्ने अवस्थामा नरहे पनि आत्मीय सहयोगमा नेपाल पनि कम छैन् । उर्जा, कृषि , सिँचाइको क्षेत्रमा भारतले भारी सहयोग गर्नसक्छ । नेपालमा उत्पादित वस्तुहरुको सहज प्रवेश भारत सरकारले दिनुपर्छ । नेपालम उद्योग लगानी सम्भावना र अवसर छ। भारतले बजार उपलब्ध गराइदिए यहाँ अनेकौ ठूलठूला उद्योगहरु स्थापना हुनसक्छ। समग्रमा प्रधानमन्त्री प्रचण्डको भ्रमण उपलब्धिमूलक नै रहेको मान्नुपर्छ।

# नेपालको राजनीतिको सात दसक



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

गणतान्त्रिक मुलुकको रुपमा नेपाल सत्रहौं बर्षमा प्रवेश गरेको छ। मुलुकमा राजशाहीको अन्त्यपछि जनताका सन्तान मुलुकको सर्वोच्च पदमा आसिन हुने शौंभाग्य गणतन्त्रको देन हो । गणतान्त्रिक मुलुकको रुपमा स्थापित भएको सात बर्षपछि २०७२ को संविधानको माध्यमबाट विधिवत रुपमा सङ्घीय गणतान्त्रिक मुलुकको रुपमा स्थापित भयो।


यो धेरै ठूलो उपलब्धि हो । यसको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व हामी सवैको हो । राणा शासनको अन्त्यपछि २००७ सालमा प्रजातन्त्रको उदय भयो । सात दसकको अवधिलाई विश्लेषण गर्दा २००७ सालदेखि २०१५ सालसम्म राजाद्वारा प्रधानमन्त्रीको नियुक्ति, २०१५ सालमा आमनिर्वाचनपछि विपी कोइरालाको नेतृत्वमा पहिलो निर्वाचित सरकारको गठन। २०१७ सालमा राजा महेन्द्रले सैनिक 'कू'को माध्यमबाट निर्वाचित सरकारलाई अपदस्त गरी सत्ता आफ्नो हात लिएको थियो। विपी नेतृत्वको सो सरकारमात्र डेढ बर्ष रह्यो । २०४६ सालको अन्त्यमा जनआन्दोलनको वलमा २०१९मा जारी पञ्चायती व्यवस्थाको अन्त्य भयो । २०४७ सालमा विधिवत रुपमा मुलुकमा पुनःप्रजातन्त्रको स्थापना भयो । २०६५ सालमा मुलुक लोकतन्त्रबाट गणतान्त्रिक मुलुकको रुपमा परिणत भएर सत्रहौं गणतन्त्र दिवस जेठ १५ गते मनाइएको छ।

पञ्चातकालको तीन दसक, प्रजातान्त्रिक र गणतन्त्रकाल गरी तीन दसक पुरा भएको छ । नेपालमा सवैभन्दा पहिले व्यवस्था परिवर्तन २००७ मा भयो । त्यसपछि पटक पटक व्यवस्था परिवर्तन हुँदै आएको छ। कुनैपनि मुलुकमा व्यवस्था परिवर्तन हुँदा शासनशैलीका साथै प्रत्येक क्षेत्र प्रभावित हुन्छ । केही महिनाको लागि मुलुक शुन्यता पुगेको आभाष हुन्छ । पुरानो विधिलाई परित्याग गरी नयाँ विधिमार्फत मुलुकमा शासन चल्छन् । त्यसकारण, शुरु शुरुमा राज्य सञ्चालनमा कठिनाइ हुन्छ। यसो हेर्दा, नेपालमा चारपटक व्यवस्था परिवर्तन भएको छ। डेढ दसकदेखि मुलुक गणतन्त्रको मार्गमा अग्रसर छन् । अव यसलाई स्थायित्व प्रदान गर्नका लागि सुशासनका साथै आत्मनिर्भरताका लागि रोजगार क्षेत्रको निर्माण र कृषि क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता छ। प्रत्येक क्षेत्र भ्रष्टाचार र कमिशनको चक्रब्यूहमा फसेको छ। सरकारी सम्पति र बजेटको व्यापक दुरुपयोग भइरहेको छ । लाखौं जनतालाई रोजगारका लागि विदेसिनुपरेको छ । कुनैपनि शीर्ष नेताहरु पनि भ्रष्टाचारबाट अछूतो छ, भन्ने ठोकुवा गर्न नसकिने अवस्था छ । उनीहरुको जीवनशैली उच्च धनाढ्यको रुपमा स्थापित भएको देखिन्छ।

एकदलीय पञ्चायती व्यवस्थाको बहिर्गमणपछि नेपाली जनता धेरै बढी उत्साहित थिए। पञ्चायती व्यवस्थाको तीस बर्षको अवधिमा बहुदलवादी दलहरुले धेरै बढी सास्ती पाएको थियो । कतिपयलाई कारागारमा बर्षौं बस्नु पर्‍यो । दर्जनौं व्यक्तिको सर्वस्वसमेत हरण भएको थियो । सो कारणले बहुदलवादीहरु पञ्चायतको नाम पनि सुन्न चाहँदैन्थ्यो, चिढिएको थियो । त्यसकारण, गाउ पञ्चायतलाई गाउविकास समिति, नगर पञ्चायतलाई नगरपालिका र जिल्ला पञ्चायतलाई जिल्ला विकास समितिको रुपमा परिणत गर्‍यो । गाउघरमा झैं-झगडा हुँदा सम्मानित व्यक्ति भेला भएर 'पञ्चायत' गर्ने गर्दथ्यो। त्यो पञ्चायत शब्दलाई तिरस्कार गरी 'छलफल' भनेर नामाकरण गर्‍यो । पञ्चायतको सट्टा गाउ विकास समिति 'गाविस' नै राख्यो । विकास समिति नामको प्रभाव अधिकांस गाविसलाई छोएन्। बजेट पुगेपछि विकास त हुनु नै थियो । स्थानीयतहको ठाउँ निर्वाचित पदाधिकारी र कर्मचारीको विकास भयो । विकासका लागि आचार, व्यवहार र संस्कारका साथै विकासप्रति समर्पित हुनुपर्छ । नाम परिवर्तनले खासै फरक पर्दैन् । व्यवस्था पनि परवर्तन भयो । तर, सोचमा परिवर्तन ल्याउन सकिएन्।

सवैभन्दा आश्चर्यको विषय के थियो भने, पञ्चायतको नाम सुन्न नचाहनेहरुले अर्कोतर्फ सो व्यवस्थाका पृष्ठपोषक पञ्चहरुलाई

काँग्रेस र एमालेले आ-आफ्ना दलमा भित्रयाउनका लागि प्रवेशद्वार पूर्णरुपमा खुल्ला गरेका थिए। एकतर्फ घृणा अर्कोतर्फ भित्रयाउने गतिविधि निर्वाचनको अघिल्लो दिनसम्म देखिन्थ्यो।



भारतका पूर्वप्रधानमन्त्री अटलविहारी वाजपेयीको सन्दर्भमा एक बामपन्थी नेताले वाजपेयीजी राम्रो मान्छे तर, खराव पार्टीमा छन् ।सो सन्दर्भमा एक टिभीको साक्षात्कार कार्यक्रममा अटलजीसमक्ष सो कुरा उठान गर्दा, उनले 'म राम्रो मान्छे छुँ' भने पार्टीपनि राम्रै हुनु पर्‍यो । जस्तो वोट उस्तै फल हुने न हो। तसर्थ, पञ्चायती व्यवस्था खराव थियो भने पूर्वपञ्चहरु कसरी राम्रो भयो । यी पार्टीहरुले पार्टीभित्र प्रवेश मात्रै गराएन कि कतिपयलाई उम्मेद्वारसमेत बनाएको थियो। पाँच बर्ष नवित्दै उनको नेतृत्वको सरकारमा सहभागी पनि भएको थियो। को खराव को असल ? बुझ्नै सकिएन् । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा २०४७ सालको संविधान जारी भयो र २०४८ सालमा मुलुक आम विधिवत रुपमा सम्पन्न भएको थियो । प्रजातन्त्र पुनःस्थापनासँगै दलहरु सिद्धान्तभन्दा सत्तालाई बढी महत्व दियो। पहिलोपल्ट पार्टीका कार्यकर्तालाई मात्र चुनावी मैदानमा उतार्नुपर्ने थियो । तर, स्थानीयतहमा पकड बनाउने उद्देश्यले अधिकांस स्थानीय निकायमा पूर्वपञ्चहरुलाई उम्मेद्वार बनाइएको थियो । जुन पञ्चहरुले पञ्चायतकालमा सास्ती दिने गर्दथ्यो, बहुदल आएपछि पनि त्यहीं अनुहारको पछाडि पार्टीको कार्यकर्ताहरुलाई कुद्नु परेको थियो। कस्तो विडम्बना!

जसरीपनि सत्तामा बस्ने उत्कट चाहना र प्रतिशोधको भावनाले गर्दा प्रजातन्त्र पुनःस्थापनाको पाँच बर्ष नवित्दै एमालेजस्तो सिद्धान्तवादी पार्टीले लोकेन्द्रबहादुर चन्दलाई टाउकोमा ससम्मान राख्यो। उनलाई प्रधानमन्त्री पदमा आसिन गराइ उनको नेतृत्वको सरकारमा सहभागी भयो । अव,काँग्रेसले एमालेलाई सत्ताबाट हटाउनका लागि २०५४ सालमा सूर्यबहादुर थापालाई आफ्नो टाउकोमा राख्यो।

मुलुकमा पञ्चायतको अन्त्यपछि पाँच बर्षभित्रै उनीहरुले प्रधानमन्त्री बन्ने कल्पना पनि नगरेको होला। त्यो दिनदेखि नै काँग्रेस र एमालेले पञ्चहरुलाई भ्रष्टाचारी र सामन्तवादीलगायतका आरोप लगाउने नैतिक अधिकार गुमाइसकेको हो।

दलहरुको यस्ता किसिमका दोहोरो चरित्रले गर्दा आर्थिक रुपले कमजोर पार्टीका कार्यकर्ताहरु ओझेलमा पर्न थाल्यो । विस्तारै- विस्तारै ति दलहरुमा ठिकेदार, उद्योगपति, जमिन्दार प्रवृतिका व्यक्ति बर्चस्व बढ्न थाल्यो। अहिले, करौंडो रुपैयाँ खर्च गर्न सकिने व्यक्तिलाई पार्टीहरुले उम्मेद्वार बनाउने गर्छन् । करौंडो रुपैया दिएर समानुपातिकमा सिट सुरक्षित गराउँछन्।

२०४८ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भयो। काँग्रेसभित्रको किँचलो, कर्मचारी आन्दोलन र प्रतिपक्ष एमालेद्वारा सरकारको प्रत्येक कार्यमा विरोध, संसद् अवरुद्धलगायतले नयाँ संसद्को मुख्य उद्देश्य ओझेलमा पर्न थाल्यो। काँग्रेसमा सवैलाई मन्त्री बन्ने हतारो र एमालेलाई जसरीपनि काँग्रेसको सरकारलाई असफल पार्ने नीति थियो।

२०५१ सालमा संसदमा पेश गरिएका नीति तथा कार्यक्रमलाई पारित गराउनका लागि राखिएका धन्यवाद प्रस्तावलाई काँग्रेसका ३६ जना साँसदले संसद्मा अनुपस्थित भएर सो प्रस्तावलाई तुहाएको थियो । सोही दिन गिरिजाले आफ्नो राजीनामासँगै संसद् विघटनको सिफारिस गर्‍यो। धन्यवाद प्रस्ताव आफ्नै पार्टीका साँसदबाट असफल पार्न खेलेको भूमिकाले नेपालमा सत्ताको अस्थिरताको विजारोपन भएको थियो। जसको प्रतिफल अहिलेसम्म भुगतनु परिरहेको अवस्था छ।

काँग्रेसका सो छत्तिसे समूहमाथि पार्टीले खासै कुनै कारवाही गरेन्। अपितू! मध्यावति निर्वाचनमा उम्मेद्वारपनि बनाइएको थियो। लौहपुरुष गणेशमान सिँह विद्रोहमा उत्रेको थियो। काँग्रेसभित्रको अन्तर्विरोधले गर्दा पार्टीको छविमा ठूलो आघात पर्‍यो। २०५१को निर्वाचनमा एमाले ठूलो दलको रुपमा स्थापित भयो। प्रधानमन्त्री मनमोहन अधिकारीको नौं महिने कार्यकाल रह्यो । त्यसपछि, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द्र,सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइराला गरी पाँच बर्षको अवधि पाँच प्रधानमन्त्री र सो अवधिमा दुईपटक दुईपटक संसद् विघटनको सिफारिस भएको थियो । २०५६मा काँग्रेसले पुनः बहुमत ल्याएका थिए । तर, काँग्रेसभित्र सत्ता सङ्घर्ष शुरु भयो। कृष्णप्रसाद भट्टराईको दस महिने कार्यकालपछि गिरिजाप्रसाद कोइराला र २०५८ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्यो। २०५९ सालमा प्रधानमन्त्री देउवाले निर्वाचनको तिथि घोषणा तर, माओवादीको धम्किको डरले निर्वाचन गराउने आँट गर्न सकेन्।

त्यसपछि, राजा आफ्नो हातमा शासन लिएपछि पुनः लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा प्रधानमन्त्री भएका थिए । २०६१ सालमा राजाले शासनसत्ता प्रत्यक्ष रुपमा आफ्नो हातमा लिएपछि दलहरु एकजुट भयो । जनयुद्धमा होमिएका माओवादीसँग आन्तरिक सहमति गर्‍यो । त्यसपछि, २०६४ सालमा जनआन्दोलनद्वारा मुलुकमा लोकतन्त्रको स्थापना भयो। तत्कालीन राजा ज्ञानेन्द्रको अधिकार सिमीत गरियो । संसद्को पुनःस्थापनापछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भए। माओवादीसँग शान्ति सम्झौंता भयो । संसदमा माओवादीका ८३ जनालाई मनोनित समेत मनोनित गरी साँसद बनाइएको थियो। २०६५ सालमा संसद्को पहिलो बैठकबाट गणतान्त्रिक मुलुकको रुपमा स्थापित भयो।

२०४७ सालदेखि २०७९ सम्म ज्ञानेन्द्र र खिलराज रेग्मी समेत गरी २९ जना प्रधानमन्त्री भएका छन्। मन्त्रीको सङ्ख्या हजार नाघेको हुनुपर्छ। नेताहरुको लागि फलिफाप त भयो। जनताको लागि फलिफाप कहिले हुने हो ?

नेपालमा राजनीतिक अस्थिरताका साथै मुख्य दलका नेताहरु भ्रष्टाचारमा लिप्त रहेको आरोपले तीव्रता लिएको छ। दलका शीर्ष नेताहरुले विश्वसनीयता गुमाएकाले जनतामा नैराश्यता छाएको छ। यो मुलुकको लागि शुभ सङ्केत होइन् । अव, जोकोही भ्रष्टाचारी छ भने कारवाहीको दायरामा ल्याउनुपर्छ। नत्र, मुलुकमा पुनः व्यवस्था परिवर्तनको लहर उठनेछ। 'इतिश्री'

# पैसा नै छैन व्यवसाय कसरी चल्छ ?



विजय घिमिरे

'मैले सहकारीमा पैसा राखेको थिएँ निकाल्न गएको पैसा छैन भन्दै २० हजारमात्र दिन सक्छ भन्ने जबाफ पाएँ । मैले नै राखेको ५० हजार निकाल्न खोजेको थिएँ। सहकारीले पैसा नै छैन सबै फिर्ता गर्न नै सकिँदैन भन्यो,' ( यो काभ्रेका कृषक रवि तामाङले सुनाएको केही दिनअघिको भोगाइ हो।

सहकारीमा राखेका बाँकी पैसा कहिले आउँछ त्यो त थाहा छैन बरु उनलाई यो पैसै आउँदैन कि भन्ने पीरले सताएको छ। आफैंले राखेको बचत पाइने हो कि होइन त्रास उनको मनमा छ। उनीमात्र होइन सामान्य किराना पसलदेखि होटल चलाउने वा ट्याक्सी चलाउनेसम्मले राजनीति होइन सुरुमै आर्थिक कुरा गर्छन् र यही अनुभव सुनाउँछन्।

हुन पनि पहिलेजस्तो सामान्य मानिससँग पैसा छैन। कसरी चलोस् व्यवसाय १ त्यसो भए पैसा कहाँ गयो त ? यही प्रश्न ट्याक्सी चलाउनेदेखि किराना पसलमा फुर्सदिला भएकाहरुसँग राख्दा भने फरक फरक जवाफ आउँछ।

'राजनीतिक नेताले लुकाए, भ्रष्टाचार भयो, पैसा विदेश गयो, यस्ता नेताले देश चल्दैन' लगायतका जबाफ तिनको हुन्छ । गतसाता कास्की क्षेत्र नं। १ मा जनताको चौतारोको किराना पसलका साहुजी मोबाइल चलाएर बसिरहेका थिए।

दाइ फुर्सदमा हुनुहुन्छ ? भन्नेबित्तिकै उनले आर्थिक कुरा उठाए र भने- व्यापार नै छैन मानिससँग पैसा नै छैन मोबाइल नचलाएर के गर्ने त ? पहिले पहिले नोट लिएर केटाकेटी गुरुरु किन्न आउँथे तर अहिले त किन्न आउने मानिस नै कहाँ गए कहाँ ?

ती किराना पसलेले सँगैको निर्माण सामग्रीको पसल देखाउँदै भने- मेरोमात्र होइन ऊ अगाडिको हार्डवेयर पसलमा पहिले दैनिक ४-५ ट्र्याक्टर सामान लोड हुन्थ्यो भ्याइनभ्याई थियो अहिले हेर्नुहोस् त सुनसान छ । सबै खत्तम छ।

सेयर बजारमा उत्पादनमूलक कम्पनी सूचीकृतमा पर्छ । हिमालयन डिस्टिलिरीले गत वर्ष ९ महिनामा ५ अर्ब ८६ करोडको विक्री गरेको थियो । यो आर्थिक वर्ष पाँच अर्ब १२ करोड रुपैयाँको व्यापार गरेको छ। यस्तै सिमेन्ट कम्पनीमा शिवम् सिमेन्ट सूचीकृत छ। शिवम् सिमेन्टले गतवर्ष चैत मसान्तसम्म ७ अर्ब २५ करोड रुपैयाँको व्यापार गरेको थियो। यो वर्ष चैत मसान्तसम्म पाँच अर्ब ४५ करोडका व्यापार गरेको थियो।

शिवम् र हिमालयन डिस्टिलरीको तथ्यांकले समग्रमा व्यापार घटेको देखाएको हो । पोखरा महानगरपालिकास्थित अमरसिंह चोकका मोबाइल फोनलगायतका विभिन्न सामग्री विक्री गर्ने पसलका साहुजी अकी साथीसँग फोनमा लुँडो खेलेर बसिरहेका थिए।

'साहुजी लुँडो खेलिरहनु भएको छ नि १' भन्दा उनले ग्राहक नै गायब भए लुँडो नखेलेर के खेल्ने त भन्ने जवाफ दिए । कहाँ गए त ग्राहक ? उनले उत्तर दिए मानिससँग पहिलेजस्तो पैसा नै छैन कसरी किन्ने ?।

नेपाल बैंकर्स एसोसियनका अध्यक्ष सुनील केसी भने यथार्थभन्दा पनि त्रास बढी फैलिएको बताउँछन्। 'बैंकहरु २ खर्ब लगानी गर्न सक्ने स्थितिमा छन् बिस्तारै ब्याज पनि घट्दै छ,' केसीले भने - 'तर नागरिकमा अर्थतन्त्रप्रति त्रास छु,कन्फिडेन्सु खस्किएको छ।'

तथ्यांकले आर्थिक विस्तारको गति सुस्त देखाएको



भए पनि केसी भने यसको केही असर त गाउँसहर दुवैतिर भएको बताउँछन्। केही दिनअघि नेपालगञ्जस्थित एउटा तीनतारे होटल सुनसान थियो। ४०-५० कोठाको उक्त होटलमा पाहुना नै थिएनन् । खै त यहाँ अरु मानिस देखिदैँनन् नि भन्दा फ्रन्ट डेस्कमा काम गर्ने कर्मचारीको भनाइ थियो- अहिले आर्थिक मन्दी छ। त्यसैले पाहुना छैनन्।

पोखरा पृथ्वीनारायण क्याम्पसमा फाइनान्सका उपप्रध्यापक रेशमराज शर्मा भन्छन्- पैसा छैन सरकार टाट उल्टिन लाग्यो भन्ने कुरा तल्लो स्तरसम्म पुगेको छ। यो कसैले संगठित रूपमा चलाएको हल्ला पनि हुन सक्छ। तर, धेरैमा पैसा छैन भन्ने त्रासै त्रास छ।

गुलेरियाको मालपोत कार्यालयकाअनुसार जग्गाको किनबेच निकै घटेको छ। पहिलेजस्तो छैन। किन ? भन्ने प्रश्नमा त्यहाँको चमेना गृहमा भेटिएका कर्मचारीहरुले भने पैसानै नभएर होला जमिन किन्ने मानिस कम भएका छन्। त्यसैले विक्री निकै कम छ।

काभ्रेको कुशादेवीमा पनि जग्गा किनबेचमा सहयोग गर्नेले पनि यही सुनाए। पहिले उच्च भएको बेलालाई १०० मान्दा अहिले २० को हाराहारीमा मात्र कारोबार छ। अर्थमन्त्री डा। प्रकाशशरण महत अहिले आउने आर्थिक वर्षको बजेट तयारीको चटारोमा छन्। राजस्व लक्ष्यअनुसार उठेको छैन । आउने वर्ष पनि राजस्व वृद्धिको लक्ष्य बढी राख्दा अहिलेको अवस्थामा उठ्ने स्थिति छैन।

सेयर बजार सूचक तल झरेको छ । सानो तथा मध्यम खालको व्यापार व्यवसाय गर्नेहरु आत्तिएका छन्। बिमालगायत वित्तीय संस्थाहरु पनि दबाबमा छन्। नयाँ बिमा पोलिसी किन्नेभन्दा पैसा नतिरेर बीचमै छाड्ने बढी छन्।

लाखौं तिरेर विदेश जाने युवाको संख्या बढ्दो छ। लाखौं दिएर नक्कली भुटानी शरणार्थी बनेरसमेत विदेश जान चाहने रहेछन् भन्ने नक्कली शरणार्थी बनाउने प्रकरणले देखाएको छ। यस अवस्थामा अहिले आएका अर्थमन्त्रीका सार्वजनिक अभिव्यक्तिले अर्थ मन्त्रालय परम्परागत शैलीमै बजेट तयारी गरिरहेको छ भन्ने देखाउँछ।

बजेटपछि राष्ट्र बैंकको मौद्रिक नीति आउनेछ। बजेट र मौद्रिक नीतिले साधारण नागरिकका भोगाइ कति सम्बोधन गर्लान् यो केही सातामा थाहा हुनेछ। तर, आम नागरिकको बुझाइ भने अब यसरी देश चल्दैन भन्ने छ। पैसा छैन भन्ने त्रासले यो बुझाइलाई थप बलियो बनाइरहेको छ।

सत्तारुढ र विपक्षी राजनीतिक पार्टीप्रति तीव्र आक्रोश छ। अर्थ मन्त्रालय र राष्ट्र बैंकले अहिलेको अर्थतन्त्रलाई लिएर आएको नागरिकको चिन्ता सम्बोधन गरेनन् भने अर्को पटकको चुनाव तिनका लागि पक्कै पनि सजिलो हुने छैन। हेरौं!

# भ्रष्टाचारविरुद्ध सशक्त अभियान चलाउनुपर्ने अवस्था आएको छ : उपमहासचिव पोखरेल



खोटाङ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव एवं पूर्वशिक्षामन्त्री गिरिराजमणि पोखरेलले भ्रष्टाचारविरुद्ध सशक्त अभियान सञ्चालन गर्नुपर्ने अवस्था रहेको बताउनुभएको छ ।

विकास र समाजको लोकतान्त्रिकरणको प्रक्रियालाई अगाडि बढाउन भ्रष्टाचार घातक रोगका रुपमा देखापरेको उल्लेख गर्नुहुँदै पार्टी स्कुल विभाग प्रमुखसमेत रहनुभएका पोखरेलले भ्रष्ट मानसिकताविरुद्ध सबैतिर सङ्घर्ष गर्न जरुरी रहेको औंल्याउनुभयो ।

"भ्रष्टाचारविरुद्ध एउटा सशक्त अभियान जरुरी छ । अहिले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले भ्रष्टाचारविरुद्धका कदम अगाडि बढाएको छ", उपमहासचिव पोखरेलले भन्नुभयो, "अरु क्षेत्रमा देखा परेका भ्रष्टाचारविरुद्ध पनि पार्टी कार्यकर्ताले सशक्त अभियान चलाउन आवश्यक छ । भ्रष्ट मानसिकताविरुद्ध भित्र र बाहिर सबैतिर सशक्तरुपमा सङ्घर्ष गर्न जरुरी छ ।"

नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समिति खोटाङले शुक्रबार दिक्तेलमा आयोजना गरेको माध्यमिक तहको दुई दिने पार्टी स्कुल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उपमहासचिव पोखरेलले प्रधानमन्त्री दाहालको भारत भ्रमणलाई सद्भावना भ्रमणको अर्थमा बुझ्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभएको छ । प्रधानमन्त्रीको भ्रमणलाई धेरै हौसिने वा नकरात्मक ढङ्गले प्रस्तुत नगर्नसमेत उहाँले आग्रह गर्नुभयो ।

"हामीलेछिमेकी राष्ट्रसँगको सम्बन्धलाई महत्वका साथ अगाडि बढाए मात्रै हामी अगाडि बढ्न सक्छौँ", उपमहासचिव पोखरेलले भन्नुभयो, "यो पक्षलाई हेरेर प्रधानमन्त्री भारत भ्रमणमा जानुभएको छ । म त्यसलाई वस्तुनिष्ठ ढङ्गले मूल्याङ्कन गर्न सबैमा आग्रह गर्न चाहन्छु ।"

दश वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनका उपलब्धिलाई संस्थागत गर्दै शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न पार्टी तथा सरकार लागिपरेको उहाँको भनाइ छ । "पार्टीले अघि सारेको कार्यदिशा सफल पार्न उच्च, माध्यमिक र आधारभूत तह गरी तीन तहको पार्टी स्कुल कार्यक्रम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो ।

पार्टी स्कूल कार्यक्रमलाई प्रविधिसँग जोडेर अगाडि बढाउनुपर्ने उहाँले बताउनुभयो । "पछिल्लो समय सामाजिक सञ्जाल हेरेर नेता तथा कार्यकर्ताले आफ्नो अवधारणा बनाउने गरेका छन् । फेसबुके विश्लेषणले काम दिँदैन", उहाँले भन्नुभयो, "अहिले राष्ट्र र राष्ट्रियतामाथि विभिन्न क्षेत्रबाट हमला भइरहेको छ । यसलाई संरक्षण गर्न सबै नेता तथा कार्यकर्ता गम्भीर हुन जरुरी छ ।" सो अवसरमा अनुशासन आयोगका अध्यक्ष एवं पूर्वसांसद टङ्क राई, बाम विश्लेषक एवं पूर्वसांसद हरि रोका, संविधानसभा सदस्य एवं माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य दुर्गाजयन्ती राई, डाक्टर धनप्रसाद सुवेदी, ध्रुव श्रेष्ठ, रमेश सुनुवार र रामदीप आचार्यलगायतले सहजीकरण गरिरहनुभएको छ ।

कार्यक्रममा पार्टीको वैचारिक, राजनीतिक र सङ्गठनात्मक कार्यदिशा, पहिचान र सङ्घीयता, संस्कृति र सांस्कृतिक रुपान्तरण, समावेशिता र समानुपातिक नीति, स्थानीय सरकार सञ्चालन ऐन, राजनीतिक अर्थशास्त्र, दर्शनशास्त्रको अवधारणा र मार्क्सवादी दर्शनलगायतका बारेमा कक्षा सञ्चालन भइरहेको माओवादी केन्द्र खोटाङका जिल्ला समन्वय समिति संयोजक दीपक पाण्डे 'आकाश'ले जानकारी दिनुभयो ।

जिल्ला समन्वय समितिको सभाहलमा जारी कार्यक्रममा पार्टीको जिल्ला समन्वय समिति, स्थानीय तहका पार्टी प्रमुख तथा प्रतिनिधि, पार्टीबाट निर्वाचित दशवटै स्थानीय तहका जनप्रतिनिधिलगायतको सहभागिता छ । दुई दिनसम्म सञ्चालन हुने कार्यक्रम समापनपछि सहभागी नेता तथा कार्यकर्ताले आ-आफ्नो क्षेत्रमा गएर पार्टी स्कुल कार्यक्रम सञ्चालन गर्नुपर्ने जनाइएको छ । रासस

# प्राप्त उपलब्धि सङ्कटमा पर्ने खतरा बढ्दै गएको छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले लोकतन्त्र, संविधान, सङ्घीयता, धर्मनिरपेक्षता र समानुपातिक प्रणालीलगायत प्राप्त उपलब्धि सङ्कटमा पर्ने खतरा बढ्दै गएको भन्दै रक्षाका निम्ति सबैलाई आग्रह गर्नुभएको छ ।

छुवाछूतमुक्त राष्ट्र घोषणाको १७ वर्ष पूरा भएको सन्दर्भमा स्थानीय तहका दलित जनप्रतिनिधिको प्रथम राष्ट्रिय भेला मूलआयोजक समितिद्वारा आयोजित 'स्थानीय तहका दलित जनप्रतिनिधिको प्रथम भेला' को यहाँ शनिवार उद्घाटन गर्दै उहाँले प्राप्त उपलब्धिमाथि विभिन्न बहानामा प्रहार भइरहेको उल्लेख गर्नुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले शान्ति प्रक्रियासँग सम्बन्धित सङ्क्रमण न्यायको कामअन्तर्गत सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगसँग सम्बन्धित कामलाई जतिसक्दो चाँडो पूरा गरेर शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले राजनीतिक परिवर्तनसँगै अबका दिनको आम जनताको अवस्था बदल्नका लागि वर्तमान सरकार केन्द्रित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सामाजिक न्यायसहितको समृद्धिको कार्यभार पूरा गर्न सकिएन भने राजनीतिक परिवर्तनको औचित्य हामीले पुष्टि गर्न सक्दैनौँ, वास्तविक परिवर्तनका निम्ति राजनीतिक परिवर्तनलाई माध्यम बनाएर सामाजिक र आर्थिक रुपान्तरण गर्न जरुरी छ ।"

दलित समुदायमाथिको जातीय उत्पीडन र शोषणसँगै वर्गीय शोषण तथा उत्पीडिन पनि भएको टिप्पणी गर्दै उहाँले नेपालको सामाजिक लोकतान्त्रिक आन्दोलनसँगै विभिन्न सङ्घर्षमा योगदान पुऱ्याउने दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक समस्यालाई एकीकृत रुपमा समाधान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले दलित समुदायबारे संविधानमा उल्लेख धारा २४ र ४० लाई व्यावहारि करुपमा कार्यान्वयन गर्न दलित समुदाय सक्रिय हुनुपर्नेमा पनि जोड दिनुभयो ।

भएका ऐन/कानुनको प्रभावकारी कार्यान्वयनसँगै सचेतनामार्फत जातीय भेद्भाव तथा छुवाछूतलाई व्यावहारि करुपमै कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "दलित आन्दोलनका सामु आज पनि कति चुनौती छन्, आजको २१औँ शताब्दीमा पनि नेपाली समाजमा छुवाछूत जस्तो समस्या सांस्कृतिक रुप कायम रहनु लज्जाको विषय हो, ती चुनौतीलाई सामना गर्न अझै पनि हामी एकताबद्ध भएर अगाडि बढ्नुपर्छ ।"

दलित नेता गणेश विकले दलित समुदायबारे प्राप्त उपलब्धि कार्यान्वयनमा उदासीनता देखिएको बताउनुभयो । सोही अवसरमा रु एक लाख राशिको 'इभा क्यासेल पुरस्कार' दलित आन्दोलनका अगुवा लालबहादुर विश्वकर्मालाई प्रदान गरिएको थियो । उक्त भेला दुई दिनसम्म चल्नेछ ।

# सूचना प्रविधि क्षेत्रमा लगानी गर्न भारतीय व्यवसायीलाई प्रधानमन्त्रीको आग्रह

इन्दौर । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको सूचना प्रविधि क्षेत्रमा लगानी गर्न भारतीय व्यवसायीलाई आग्रह गर्नुभएको छ ।भारतको मध्यप्रदेशको इन्दौरमा अवस्थित विशेष आर्थिक क्षेत्रमा टाटा कन्सल्टेन्सी सर्भिसेसको अवलोकन गर्दै प्रधानमन्त्री 'प्रचण्ड' ले टाटा कम्पनीजस्तै सूचना प्रविधिका क्षेत्रमा लगानी गर्न आह्वान गर्नुभएको हो ।

उहाँले भन्नुभयो, "टाटा कम्पनीजस्तै नेपालमा सूचना प्रविधिका क्षेत्रमा धेरै सम्भावना रहेकाले यस क्षेत्रमा काम गर्न सकिन्छ । लगानी गर्नुस् त्यसका लागि हामी (नेपाल सरकार) सहजीकरण गर्छौँ ।" प्रधानमन्त्री प्रचण्डले अवलोकनका क्रममा सो क्षेत्रमा सुनाखरीको बिरुवासमेत रोप्नुभएको थियो ।

सोही क्रममा अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको सूचना प्रविधिका क्षेत्रमा पर्याप्त जनशक्ति रहेकाले लगानीका लागि आग्रह गर्नुभयो ।

"नेपालको 'आइटी सेक्टर'मा पर्याप्त जनशक्ति छन् लगानी गर्न आउनुस् हामी स्वागतका लागि आतुर छौँ", उहाँले भन्नुभयो ।

भारतको प्रसिद्ध टाटा कम्पनीले संसारका ४८ भन्दाबढी मुलुकमा काम गर्दै आएको छ ।

उक्त कम्पनीमा छ लाख बढी कर्मचारी आबद्ध छन् । इन्डौरको विशेष आर्थिक क्षेत्रमा रहेको टाटा कम्पनीको अवलोकनका लागि प्रधानमन्त्री, मन्त्रीहरूसहित नेपाली प्रतिनिधिमण्डल त्यस क्षेत्रमा गएको हो । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री बुधबार भारत आउनुभएको हो । भ्रमणका क्रममा प्रधानमन्त्री दाहाल शुक्रबार मध्यप्रदेशस्थित इन्दोर आइपुग्नुभएको हो । आज साँझ प्रधानमन्त्री काठमाडौं फर्कने कार्यसूची छ । रासस

# भूभाग सट्टापट्टा गर्न सकिने प्रधानमन्त्रीको अभिव्यक्ति गैर जिम्मेवार र आपत्तिजनक : कमल थापा

**टुडे समाचारदाता**



काठमाण्डु । राप्रपा नेपालका अध्यक्ष कमल थापाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मित्रराष्ट्र भारत भ्रमणका क्रममा नेपाली भूभाग सट्टापट्टा गर्न सकिने भन्दै दिएको अभिव्यक्तिलाई गैर जिम्मेवार र आपत्तिजनक भएको टिप्पणी गरेका छन् ।

पूर्व परराष्ट्रमन्त्री समेत रहेका थापाले सामाजिक सञ्जाल ट्विटरमा आफ्नो धारणा राख्दै लिम्पियाधुरा, कालापानी र सुस्ता नेपालको अविभाज्य भूभाग रहेको समेत बताएका छन् । थापाले आफ्नो धारणा यसरी सार्वजनिक गरेका छन् - ' लिम्पियाधुरा,कालापानी,सुस्ता नेपालको अविभाज्य भूभाग हो। भारतले अनधिकृतरुपमा कब्जा गरिरहेको छ। यो विषय कूटनीतिक वार्ताबाट टुङ्ग्याउनुपर्छ। संसद्, दलहरूसँग परामर्श नगरी र जनताको सहमतिविना प्रधानमन्त्रीले नेपालको भूभाग सट्टापट्टा गर्न सकिने खालको गैर जिम्मेवार अभिव्यक्ति दिनु आपत्तिजनक छ ।'

# भारतले सधैं नेपालको विकास चाहेको छ : भारतीय रक्षामन्त्री सिंह

**टुडे समाचारदाता**

नयाँ दिल्ली । भारतीय रक्षामन्त्री तथा भाजपाका पूर्व अध्यक्ष राजनाथ सिंहले नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालको भारत दिने भारत भ्रमण फलदायी भएको दाबी गरेका छन् । सिंहले नेपालका प्रधानमन्त्री दाहालको भारत भ्रमण सफल भएको दाबीमात्रै गरेनन् । दुई देशका प्रधानमन्त्रीबीचको भेटवार्तापछि नेपाल-भारतबीच द्धिपक्षीय सम्बन्धमा थप विश्वासको वातावरण बनेको उनको दाबी छ । उनले भने,'हामीबीच रहेको अविश्वास हटेको छ। दुई देशका कार्यकारी प्रमुख मिलेर जाने घोषणा । प्रधानमन्त्री प्रचण्डजीको भारत भ्रमण फलदायी र उपलब्धिमूलक भएको छ ।' उर्जाको विकासमा नेपालले अब राम्रो गर्ने दाबी गरे । उनले भारत नेपालले उत्पादन गर्ने विजुली किन्न तयार रहेको पनि विश्वास दिलाए ।

उनले भारतीय प्रधानमन्त्री नेपालप्रति सधैं सकारात्मक रहेको सुनाए । उनले भने,' प्रधानमन्त्री मोदी नेपालप्रति सकरात्मक हुनुहुन्छ । नेपाल र भारतबीचको सम्बन्ध राम्रो बनाएर जानुपर्छ ।' उनले दुई देशबीच ऐतिहासिक सम्बन्ध रहेको उल्लेख गर्दै आगामी दिनमा अझ प्रगाढ बनाउनुपर्नेमा जोड दिए ।

# भारतीय प्रधानमन्त्री नेपाल-भारत सम्बन्धका सबै समस्या हल गर्नुपर्छ भन्ने मनस्थितिमा हुनुहुन्छ : प्रधानमन्त्री दाहाल

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको चारदिने औपचारिक भ्रमणमा हुनुहन्छ । भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल र भारतीय समकक्षी नरेन्द्र मोदीबीच 'वान टु वान' र प्रतिनिधिमण्डलस्तरमा वार्ता भएर नेपाल र भारतबीच विभिन्न द्विपक्षीय सम्झौता एवं समझदारी भएका छन् । ऊर्जा व्यापार र अन्तरदेशीय प्रसारण लाइन निर्माण, अन्तरदेशीय भुक्तानी, नेपालमा आर्थिक पूर्वाधार निर्माण, पारवहन सन्धि नवीकरणलगायत रहेका छन् । दुवै देशका प्रधानमन्त्रीबाट समानता, आपसी सम्मान र आपसी विश्वासका आधारमा मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा सवल बनाउने प्रतिबद्धता व्यक्त भएको छ । भारत भ्रमणमा केन्द्रित रहेर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग गरिएको कुराकानीको सम्पादित अंश :

**प्र. प्रधानमन्त्रीज्यू, यहाँको चौथो भारत भ्रमणलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?**

-यो भ्रमण पहिलेका तुलनामा बढी फलदायी, दूरगामी प्रभाव पार्ने, नेपालको राष्ट्रिय हितमा केन्द्रित रह्यो । मुख्यतः आर्थिक क्रियाकलापमा सकारात्मक सन्देश दिने सफल भ्रमणका रूपमा मैले महसुस गरेको छु ।

**प्र. भ्रमण सफलताका आधारहरू के के हुन् ?**

-पहिलो, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र मेरा बीचमा खुलेर जसरी कुरा भयो, एउटा विश्वासको राम्रो वातावरण बन्यो । त्यो स्तरमा विगतमा खुलेर कुराकानी त्यति हुने गर्दैनथ्यो । यो हिसाबले पनि यसलाई मैले भिन्न र मौलिक ठानेको छु । तीन पटक नै 'वान टु वान' वार्ता भएको त होइन, 'वान टु वान' त एक पटक नै हो । अरु कार्यक्रममा जाने क्रममा पाँच/सात मिनेट हामी दुई जना मात्रै बसेर कुरा गर्ने अवसर भयो । त्यसअर्थमा पनि हरेक पटक अलि खुलेर विश्वासको वातावरण बनाउने र केही परिणाम निस्कने किसिमले जानुपर्छ भन्ने बन्यो । दोस्रो, हामीकहाँ समस्या भनेर भन्ने गरिरखेका थियौँ, नेपाली जनताको मनमा पनि त्यो कुरा गहिरोसँग थियो । सीमा समस्या हल हुन्छ कि हुँदैन, के होला भन्ने प्रश्न थियो, छ पनि, त्यसमा यसपटकको नयाँपन के देखियो भने सिमानाको समस्या सदाका निम्ति हल गर्नुपर्छ, भन्ने कुरा भयो । प्रधानमन्त्री मोदीले संयुक्त पत्रकार सम्मेलनमा मैलेभन्दा पनि पहिले सिमानाका समस्या समाधान गर्नुपर्छ भनेर बोल्नुभयो । नेपाल-भारत सम्बन्धलाई हिमालयको उचाइसम्म पुऱ्याउनुपर्छ भन्ने जसरी राखियो, त्यसले नयाँ सन्देश दिएको छ ।

**प्र. भारतीय प्रधानमन्त्री मोदीले नेपाल-भारत सम्बन्धलाई 'सुपरहिट' बनाउने र हिमालजस्तै उचाइ दिने भन्नुभएको छ, यसको अर्थ के हुन सक्छ ?**

-उहाँ पहिलो पटक सन् २०१४ मा नेपाल भ्रमणका क्रममा सदनमा बोल्दा 'हिट'को अर्थ लगाएर नेपाल-भारत सम्बन्धको चर्चा गर्नुभएको थियो । बीचमा जुन 'गति'मा जानुपर्थ्यो, गएन । अब त्यसलाई 'सुपरहिट' बनाउनुपर्छ भनेर उहाँले त्यतिबेलाको आफ्नो सफल भ्रमणलाई जोडेर भन्नुभएको मैले महसुस गरेको छु । नेपाल-भारत सम्बन्धलाई धेरै नै माथि लानुपर्छ भनेर भन्ने नै त्यसको अर्थ हो । यो दुई शब्दको प्रयोगबाट भारतीय प्रधानमन्त्री निकै विश्वासको साथमा अब नेपाल-भारत सम्बन्धका सबै समस्या हल गर्नुपर्छ भन्ने मनस्थितिमा रहेको मैले ठानेको छु । सिमानाका समस्या समाधान गर्नुपर्छ, यसलाई अड्काइराख्नु हुँदैन भन्नेमा दुवै देश एउटास्तरमा आइपुग्नु नै ठूलो कुरा लाग्छ । प्रधानमन्त्री मोदी र मेराबीचमा कुरा हुँदा भारत र बङ्गलादेशले सीमा समस्या हल गरेको चर्चा हामीले गरेकै हो । स्वयं प्रधानमन्त्री मोदीले लामो समयको मेहनत र गृहकार्यपछि त्यो सफलता प्राप्त भएको हो भनेर बताउनुभयो । नेपाल-भारतबीचको सीमा समस्यालाई राखिराख्न हुँदैन, यसलाई समाधान गर्नुपर्छ । बङ्गलादेश मोडल पनि एउटा अवसर हुनसक्छ, अर्को पनि हुन सक्छ । नेपालले इतिहासको तथ्यतथ्याङ्कका आधारमा आफ्नो भनेको भूमिलाई भारतले छाड्दा पनि समाधान भई नै हाल्छ । अर्को कुरा धेरै ठाउँमा अप्ठ्यारो पऱ्यो भने सट्टपट्टा गर्ने चलन पनि छ । तर अहिले नै यी विकल्पबारे हामी औपचारिक ढङ्गले प्रवेश गरेका छैनौँ । नेपालमा पनि केही सीमासम्बन्धी जानकारले बङ्गलादेश जाने बाटो हामीलाई दिने हो भने समस्या समाधान भइहाल्छ भनेर ल्याउने गर्नुभएको छ । तर यी विकल्प अहिले भारत सरकारसँग औपचारिकरुपले प्रवेश गरेको विषय होइनन् । जे भए पनि सिमानाका समस्या अब हल गर्नुपर्छ भन्ने प्रतिबद्धताको तह अहिले नेपाल-भारतको अर्को उचाइमा पुगेको छ । यो सत्य हो ।

**प्र. भारतसँगको विद्युत् व्यापारमा केही महत्वपूर्ण निर्णय भएका छन्, १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गरेर बिक्री गर्ने अवस्था सिर्जना भएको हो ?**

-नेपालमा लामो समयदेखि बिजुली उत्पादन गर्ने तर बजारको सुनिश्चित नहुँदा उत्पादन मात्रै गरेर के हुन्छ भन्ने प्रश्न लगानीकर्ता र नेपाली विज्ञको मनमा रहँदै आएको प्रश्न हो । भारतसँग दीर्घकालीन व्यापार सम्झौता होस् भन्ने नेपालको चाहना हो । यसपटक त्यो विषयमा सम्झौता सम्पन्न भयो । १० वर्षमा १० हजार मेगावाट विद्युत् खरिद गर्ने स्वयं भारतीय प्रधानमन्त्री मोदीले आफैँले प्रष्ट भाषामा भन्नुभयो । त्यसको औपचारिकता करिबकरिब केही दिनभित्र सबै टुङ्गिन्छ । यो ठूलो उपलब्धि हो । बजारको सुनिश्चितताको अभावले लगानीकर्तालाई लगानी गर्न जुन समस्या हुन्थ्यो, त्यो अब रहेन । अब हामीले छिटोछिटो उत्पादन गर्ने दिशातर्फ जान सकिन्छ भन्ने मलाई लाग्छ । जे भए पनि यो समझदारी नेपालको राष्ट्रिय हित र दीर्घकालीन हितका निम्ति धेरै नै महत्वपूर्ण सहमति हो । यसले नेपालको अर्थतन्त्रलाई नयाँ गति दिन्छ भन्ने मेरो विश्वास हो । पश्चेश्वर बहुउद्देश्यीय आयोजनाको तीन महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने, एक वर्षमा मोडालिटी निर्माण गर्ने भनेर भनिएको छ, त्यसलाई संयुक्तरुपले घोषणा गरिएको छ । २६ वर्षदेखि रोकिएको कामलाई नयाँ ढङ्गले अगाडि



बढाउने प्रक्रिया सुरु भएको छ । यो नेपालका लागि खुसीको कुरा हो । नेपाल, भारत र बङ्गलादेशका बीचमा विद्युत् व्यापारका सम्बन्धमा जे सहमति बन्यो । भारत र बङ्गलादेश, नेपाल र बङ्गलादेश, नेपाल र भारतबीच सबैका बीचमा सहमति भइसकेको छ । यो पनि नेपालको विद्युत् व्यापारका क्षेत्रमा यसले धेरै महत्वपूर्ण भूमिका खेल्छ । यो नेपालको राष्ट्रिय हितमा भएको अर्को महत्वपूर्ण उपलब्धि हो ।

**प्र. १० वर्षमा १० हजार मेगावाट विद्युत् खरिद गर्ने घोषणा केबल घोषणामै सीमित हुने हो कि भन्ने आशङ्का उब्जेको छ, यो कसरी अगाडि बढ्छ ?**

-यसमा कसैले पनि आशङ्का गर्नु कुनै ठाउँ छैन । दुईवटा प्रधानमन्त्रीले औपचारिक वार्तापछि आयोजित पत्रकार सम्मेलनमा घोषणा गरिएको हो । भारतले केही प्राविधिक कारणबाट 'क्याबिनेट' बैठक बस्न बाँकी हो भनेर हामीलाई विश्वास दिलाएको छ । प्रधानमन्त्री मोदीजस्तो शक्तिशाली नेताले घोषणा गरेको कुरामा शङ्का गर्नु हाम्रै कमिकमजोरी हो जस्तो हुन्छ । शङ्का गर्ने कुनै ठाउँ छैन, यो अगाडि बढ्छ ।

**प्र. हवाई प्रवेश बिन्दुको विषय नेपालले उठाएको थियो, यस सन्दर्भमा के कुराकानी भयो ?**

-एयर रुटका विषय नेपालले धेरै पहिलेदेखि उठाउँदै आएको विषय हो । यसपटक पनि मैले धेरै तयारीका सन्दर्भमा पनि सम्बन्धित मन्त्रालय र अधिकारीलाई यस विषयमा छलफल गर्न पहिले पनि दिल्ली पनि पठाएको हो । कुराकानी पनि भएको हो । सिमराबाहेक हामीलाई सिधैं अन्तर्राष्ट्रिय एयर रुटका रूपमा कम्तीमा एउटा रुट दिन भनेको हो । त्यहीस्तरमा त यो पुगेन अहिले, तर कम 'अल्टिच्यूड'का जहाज भारतका विभिन्न सहर र नेपालगञ्ज जोड्ने भन्ने भएको छ, यो प्रारम्भिक राम्रो सङ्केत चै हो । हामीले खोजेको जस्तो त होइन । प्रधानमन्त्री मोदीसँग कुरा हुँदा पनि मैले भनेको छु, कम 'अल्टिच्यूड'बाट जहाज उड्न दिने सहमतिले एउटा सङ्केत त गरेको छ, नेपालको आवश्यकता र चाहनलाई सम्बोधन गरेको छैन, हामी के आशा गर्छौं भने छिट्टै फेरि 'हाइअल्च्यिूड' जहाज पनि आउने गरी महेन्द्रनगर वा नेपालगञ्ज जता भए पनि एउटा एयर रुट प्राप्त हुने विश्वास गर्छौं भनेका छौं । मसँगको कुराकानीमा भारत सकारात्मक भएको पाएको छु । जे भए पनि एयर रुटको विषय जुन स्तरमा छलफल भयो र प्रारम्भिकरूपमा जुन सहमति भएको छ, नेपालका लागि महत्वपूर्ण कुरा हो भन्ने मलाई लाग्छ ।

**प्र. भारतको सबैभन्दा सफा सहर इन्दौरको भ्रमण गर्नुभयो, यहाँको फोहर व्यवस्थापनसम्बन्धी अभ्यासका बारेमा पनि जानकारी लिनुभयो । नेपालमा फोहर व्यवस्थापन चुनौतीका रूपमा हेरिएको छ । यसबाट केही सिक्न सकिन्छ ?**

-इन्दौर भारतकै प्रमुख सफा सहरमा दर्ज भएको छ । इन्दौरबाट केही सिक्न सकिन्छ हेरौं भन्ने उद्देश्यबाट पुगिएको हो । हिजो हामीले त्यसको अवलोकन पनि गर्‍यौं । प्रस्तुति पनि हेरियो । यसबाट हामीले पाठ सिक्ने कुरा छन् । मैले के महसुस गरैं भने सबैभन्दा ठूलो कुरा सरकारको प्रतिबद्धता हो । सरकार कति दृढ इच्छाशक्तिका साथ अगाडि जान चाहन्छ भन्ने महत्वपूर्ण देखैं । मध्यप्रदेश सरकार र इन्दौर नगरपालिकाको जुन पहलकदमी र प्रतिबद्धता देखैं, यो धेरै ठूलो हो । सफा सहर बनाउन हर व्यक्तिले मेहनत गर्नुपर्छ भन्ने मनोभावना र चेतना पैदा गर्ने कुरा महत्वपूर्ण रहेछ । हाम्रा सन्दर्भमा आमजनतामा चेतना ल्याउनुपर्छ भन्नेमा पनि यो सम्बन्धित छ ।

**प्र. भारत भ्रमणबाट प्राप्त उपलब्धिका बारेमा नेपाली जनतालाई भन्न बाँकी केही छन् ?**

-यसपटकको भारत भ्रमणको दीर्घकालीन र रणनीतिक अर्थ र महत्व रहेको मैले मसहुस गरेको छु, कताकता नेपालमा हरेक कुरालाई नकारात्मक र शङ्काका नजरले हेर्ने भएका छौं । तर मलाई लाग्छ, यसपटक अलिकति सकारात्मक ढङ्गले सोच्ने, विषयलाई आवश्यकताभन्दा बढी राजनीतिकरण नगरी विकास, समृद्धि र आर्थिक क्रियाकलापलाई गति दिने कुरामा केन्द्रित हुन आवश्यक छ । त्यसअर्थमा यस भ्रमण ऐतिहासिक नै भएको छ । रासस

# तनाब कम गर्न चीनसँग वार्ता आवश्यक : अमेरिका

**एएफपी**

सिङ्गापुर । संयुक्त राज्य अमेरिकाले दुई महाशक्तिराष्ट्रबीच द्वन्द्व निम्त्याउन सक्ने 'असमझदारी' बाट बच्न चीनसँग वार्ता गर्नु 'आवश्यक' भएको बताएको छ । अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले सिंगापुरमा भएको रक्षा शिखर सम्मेलनको अवसरमा चिनियाँ समकक्षी ली शाङफुलाई भेटका लागि निमन्त्रणा गर्नुभएको तर बेइजिङले अस्वीकार गरेको पेन्टागनले बताएको छ ।



चिनियाँ प्रतिनिधिमण्डलका एक सदस्यले एएफपीसँग कुरा गर्दै आफ्ना मन्त्रीमाथिको अमेरिकी प्रतिबन्ध हटाउनु वार्ताका लागि पूर्वशर्त भएको बताउनु भएको छ । अस्टिनले सङ्ग्रिला डायलग नाम दिइएको सम्मेलनमा भन्नुभयो, "विशेष गरी अमेरिकी र चिनियाँ रक्षा र सैन्य नेताहरूबीच सञ्चारको खुला रेखाहरू आवश्यक छन् । "हामी जति धेरै वार्ता गर्छौं, त्यति नै हामी सङ्कट वा द्वन्द्व निम्त्याउन सक्ने परिणाम र गलत अनुमानबाट बच्न सक्छौं ।" शीर्ष अमेरिकी अधिकारीहरू क्षेत्रीय गठबन्धन र साझेदारीलाई बढावा दिन अधिक आक्रामक चीन र उत्तर कोरियासँगको बढ्दो शत्रुतालाई कम गर्न एसियाको भ्रमणमा छन् । यसै अभियानका लागि उहाँले यो साता जापानको पनि भ्रमण गर्नुभएको थियो । अष्टिनले समझदारी निर्माण गर्न कुटनीतिक पहलका लागि भ्रमणका क्रममा भारत पनि पुग्नुहुनेछ । शनिबार आफ्नो सम्बोधनमा अस्टिनले विश्वका दुई शक्तिबाली अर्थतन्त्रका सेनाबीच सङ्कट व्यवस्थापनका लागि राम्रो संयन्त्रमा चीनले थप गम्भीरतापूर्वक संलग्न हुन नचाहेकोमा आफुलाई दुःख लागेको बताउनुभयो ।

आइतबारको बैठकलाई सम्बोधन गर्ने लिलाई सन् २०१८ मा अमेरिकी सरकारले रूसी हतियार खरिद गरेको आरोपमा प्रतिबन्ध लगाएको थियो तर पेन्टागनले अस्टिनलाई लीसँग आधिकारिक कारोबार गर्नबाट नरोकेको बताएको छ । अस्टिनको टिप्पणीलाई लिएर तत्काल प्रतिक्रिया दिँदै चिनियाँ रक्षा मन्त्रालयका प्रवक्ता वरिष्ठ कर्णेल ताङ हेफेईले पेन्टागन प्रमुखले 'धेरै झूटा आरोपहरू लगाएको' बताउनुभयो ।

चिनियाँ प्रतिनिधिमण्डलका अर्का सदस्य वरिष्ठ कर्नेल झाओ सियाओझुओले चीनलाई के गर्ने भनेर वासिङ्टनको निर्देशनको कुनै अर्थ नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले चिनियाँ सेनामा जे गरिरहेका छौं, त्यो चीनको सुरक्षाको मूल स्वार्थमा आधारित छ, जुन आधारभूत कुरा हो ।"

झाओका अनुसार लीमाथिको प्रतिबन्ध हटाउनु अस्टिनसँग पर्याप्त वार्ताका लागि पूर्वशर्तमध्ये एक हो । वासिङ्टन र बेइजिङबीच ताइवान र कथित चिनियाँ जासुसी बेलुन, जसलाई अमेरिकी लडाकू विमानले खसालेको थियो, लाई लिएर तनाव बढेको छ । अस्टिन र लीले शुक्रबार को उद्घाटन सत्रपछिको रात्रिभोजमा पहिलो पटक हात मिलाए र छोटो कुराकानी गरे, तर कुनै ठोस आदान-प्रदान भएन । संयुक्त राज्य अमेरिका र चीनबीचको उच्चस्तरीय सैन्य सम्बन्ध महिनौंदेखि विच्छेद भए तापनि अन्य शीर्ष अमेरिकी अधिकारीहरू अझै पनि बेइजिङसँग सम्पर्कमा छन् ।

सीआईएका निर्देशक विलियम बर्न्सले गत महिना चीनको गोप्य भ्रमण गर्नुभएको थियो भने अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभान र उच्च चिनियाँ कूटनीतिज्ञ वाङ यीबीच मे महिनामा भियनामा भेटवार्ता भएको थियो ।

# एर्दोगानले टर्कीको राष्ट्रपतिको तेस्रो कार्यकालको सपथ ग्रहण

**सिन्ह्वा**

अङ्कारा । टर्कीको राष्ट्रपति रेसेप तैयप एर्दोगानले तेस्रो कार्यकालका लागि शनिबार पद तथा गोपनीयताको सपथ लिनुभएको छ ।

टर्कीको आर्थिक सङ्कट चर्किरहेका बेला आफ्नो दुई दशक लामो शासन लम्ब्याउन एर्दोगान तेस्रो कार्यकालका लागि निर्वाचित हुनुभएको हो । उहाँले टर्कीको उन्नतिको लागि सबै देशबासीको मन जित्नेगरी निष्पक्ष रूपमा आफ्नो कर्तव्य पूरा गर्ने बताउनुभएको छ । मत प्राप्त गर्नुभएको थियो भने उहाँका धर्मनिरपेक्षवादी प्रतिद्वन्द्वी केमल किलिकडारोग्लुले ४७.८२ प्रतिशत मत प्राप्त गर्नुभएको थियो ।

टर्कीका सबैभन्दा लामो समयसम्म सत्तामा रहेका नेताले आफ्नो तेस्रो कार्यकालमा सुस्त अर्थतन्त्र र पश्चिमा मुलुकसँगको तनावलगायत महत्वपूर्ण तात्कालिक चुनौतीको सामना गर्नुपरेको छ ।

बीसीए रिसर्चका प्रमुख भूराजनीतिक रणनीतिकार म्याट गर्टकेनले एर्दोगानका चुनौतीबारे भन्नुभयो, "भूराजनीतिक दृष्टिकोणबाट हेर्दा यो निर्वाचनले टर्कीको स्वतन्त्र विदेश नीतिको पछिल्लो प्रयासलाई बलियो बनाउनेछ । यो नीतिको उद्देश्य पूर्वीय र निरंकुश राज्यहरूबाट अधिकतम आर्थिक र रणनीतिक लाभ प्राप्त गर्नु हो र अझै पनि पश्चिमी लोकतन्त्रहरूसँगको सम्बन्धमा स्थायी दरार आउनबाट रोक्नु हो ।



उहाँले सपथ ग्रहणपछि पत्रकारसँग भन्नुभयो, "राष्ट्रपतिको रूपमा महान टर्की राष्ट्रको अगाडि म मेरो सम्मान र निष्ठाको कसम खान्छु । राज्यको अस्तित्व र स्वतन्त्रताको रक्षा गर्न मैले सबै शक्तिको साथ काम गर्न र निष्पक्ष रूपमा मेरो कर्तव्य पूरा गर्न लागि पर्नेछु ।" संसदको उद्घाटनपछि राजधानी अङ्कारास्थित राष्ट्रपतिको कार्यालयमा विश्वका दर्जनौं नेताको सहभागिता भव्य समारोहबीच उहाँले पदबहाली गर्नुभएको हो ।

गत फेब्रुअरीमा गएको विनाशकारी भूकम्पका कारण ५० हजारभन्दा बढी मानिसको मृत्यु भएको, कोभिड तथा युक्रेन युद्धका कारण व्याप्त वैश्विक आर्थिक सङ्कट र आक्रोशका बाबजुद एर्दोगानले शक्तिशाली विपक्षी गठबन्धनविरुद्ध मे २८ मा भएको निर्वाचनमा विजय हासिल गर्नुभएको थियो । एर्दोआनले ५२.१८ प्रतिशत

गर्टकेनले भन्नुभयो, "पश्चिमा मुलुकसँगको तनाव फेरि बढ्नेछ ।" देशको आर्थिक समस्याहरूलाई सम्बोधन गर्नु एर्दोगानको पहिलो प्राथमिकता हुनेछ । आंशिक रूपमा विकासलाई प्रोत्साहित गर्न ब्याज दरहरू कटौती गर्ने उहाँको अपरम्परागत नीतिको कारण टर्कीमा मुद्रास्फीति ४३.७० प्रतिशत पुगेको छ । राष्ट्रपति एर्दोगानले शनिबार आफ्नो नयाँ मन्त्रिमण्डलको घोषणा गर्ने बताइएको छ ।

## ओडिशा रेल दुर्घटना

# मृत्यु हुनेको संख्या २३८ पुग्यो, उद्धार कार्य जारी



**एएनआई**

ओडिशा । ओडिशामा दुई एक्सप्रेस ट्रेनहरू दुर्घटना हुँदा मृत्यु हुनेको स९्या २३८ पुगेको छ । घटनास्थलमा हाल उद्धार कार्य जारी छ ।

बेंगलुरु-हावडा एक्सप्रेस र शालिमार-चेन्नई कोरोमण्डल एक्सप्रेस - र बालासोरमा मालबाहाक रेल दुर्घटना भएको दक्षिण पूर्वी रेलवेले शनिबार जनाएको छ । अहिलेसम्म प्राप्त जानकारी अनुसार २३८ जनाको मृत्यु भएको छ भने लगभग ६५० घाइते भएका छन् । घाइतेहरूको गोपालपुर, खन्तपारा, बालासोर, भद्रक र सोरोको अस्पतालमा उपचार भइरहेको छ । सर एम विश्वेश्वराया (बेंगलुरु)-हावडा एक्सप्रेसले १२ ८६४ जना यात्रु बोकेको थियो भने सुपरफास्ट एक्सप्रेसले १००० यात्रु लिएर हावडातर्फ गइरहेको थियो।

त्यसैगरी करिब २०० यात्रु बोकेको एउटा विशेष ट्रेन दुर्घटनामा फसेको र अहिले बालासोरबाट हावडाको लागि प्रस्थान गर्दैछ । खड्गपुर स्टेशनमा यात्रुहरूलाई पानी, चिया र खानाका प्याकेटहरू उपलब्ध गराइँदैछ। हावडा जाने बाटोमा रहेको बेंगलुरु-हावडा सुपरफास्ट एक्सप्रेसका थुप्रै डिब्बा पटरीबाट खसेर नजिकैको ट्र्याकमा अड्केका छन्।

शालिमार-चेन्नई सेन्ट्रल कोरोमण्डल एक्सप्रेस समानान्तर ट्र्याकमा विपरीत दिशाबाट आउँदै गरेको डिब्बामा ठोक्किएको थियो।कोरोमण्डल एक्सप्रेस कोच पटरीबाट खसेर तेस्रो ट्र्याकमा रहेको स्टेशनरी मालगाडीमा ठोक्किएको बताइएको छ ।

केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णव घटनास्थल पुगेर उद्धार कार्यको निरीक्षण गर्नु भएको छ ।

घटनाको उच्च स्तरीय छानबिन आयोग गठन गरेर छानबिन गरिने र रेल सुरक्षा आयुक्तले पनि स्वतन्त्र छानबिन गर्ने, वैष्णवले शनिबार बताउँनु भएको छ ।

रेलवे प्रवक्ता अमिताभ शर्माका अनुसार शुक्रबार साँझ ७ बजे उक्त दुर्घटना भएको हो ।

# संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्द्वारा सुडानमा सहयोग मिशनको म्यान्डेट विस्तार

संयुक्त राष्ट्रसंघ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले शुक्रबार सुडानमा रहेको संयुक्त राष्ट्र संघीय सङ्क्रमण सहायता मिसनको कार्यादेश यस वर्षको डिसेम्बर ३ सम्म बढाउने निर्णय गरेको छ। सर्वसम्मतिले संकल्प २६८५ पारित गर्दै १५ सदस्यीय निकायले कार्यादेश कार्यान्वयनको प्रतिवेदन प्रत्येक ९० दिनमा परिषद् समक्ष पेश गर्न महासचिवलाई अनुरोध गर्दै यस विषयमा सक्रियतापूर्वक ध्यान दिने निर्णय समेत गरेको छ।

परिषद् सदस्यहरूले सुडानले सामना गरिरहेका जटिल चुनौतीहरूमा संयुक्त राष्ट्रसंघको प्रतिक्रियाहरू समन्वय गर्न मिसनको उपस्थिति पहिले भन्दा बढी महत्त्वपूर्ण हुने पनि उल्लेक गरेका छन् । राजधानी खार्तुममा मुख्यालय रहेको सो मिसन सन् २०२० जुन ३ मा स्थापना भएको हो । शुरुमा १२ महिनाको अवधिको लागि सा।थापना गरिए पनि दुई पटकसम्म विस्तार गरिएको थियो ।

सो मिसनको उद्देश्य सुडानलाई राजनीतिक स्थिरता, शान्ति निर्माण र विकासका क्षेत्रमा सही बाटोमा फर्काउँने रहेको छ ।रासस

# पश्चिमी अस्ट्रेलियामा ८०० किलो कोकिन बरामद, तीन जना पक्राउ

**सिन्ह्वा**

सिड्नी । अस्ट्रेलियाको सङ्घीय प्रहरीले शुक्रबार ८०० किलोग्रामभन्दा बढी कोकिन बरामद गरेको छ। सो लागु पदार्थ तस्करी गर्नेप्रयास गर्ने अन्तरराष्ट्रिय अपराध सिन्डिकेटसँग सम्बन्धित तीन जना पुरुषलाई पक्राउ गरिएको छ।

प्रहरीका अनुसार मे २४ मा पश्चिमी अस्ट्रेलिया प्रहरी बल र स्वयंसेवी समुद्री उद्धार सेवाले २२ किलोमिटर टाढा रोटनेस्ट टापु नजिकै सङ्कटमा परेको १० मिटर क्याबिन क्रुजरको चालक दललाई सहयोग गरेको थियो । बोर्डमा रहेका तीनजना पुरुषले प्रहरीलाई बताएअनुसार उनीहरूले जहाजको इन्जिनमा समस्याको देखेको तर डुङ्गा चलाउने अनुभव नभएको बताएका थिए । ती व्यक्तिको शङ्कास्पद गतिविधि देखेपछि प्रहरीले जहाजको निरिक्षणपछि पानीले भरिएको ब्यालास्ट ट्याङ्कीमा २९ वटा शंकास्पद प्याकेज फेला पारेको थियो । ती प्याकेजमा सेतो पाउडरका थुप्रै ब्लक पाइएको र कोकेन जस्तै प्रतीत भएको छ, थप अनुसन्धान जारी छ।

तीन जनामध्ये दुई जनालाई बुधबार पक्राउ गरी पर्थमा हिरासतमा राकिएको छ भने तेस्रोलाई सिड्नीबाट पक्राउ गरिएको हो । ती आरोपित २१, २५ र २९ वर्षका रहेका छन् । दोषी प्रमाणित भएमा उनीहरुलाई अधिकतम आजीवन कारावासको सजाय हुनसक्ने प्रहरीले जनाएको छ ।

# हवाई आक्रमणमा दक्षिणी सोमालियामा अल-शबाबका ३ आतङ्ककारी मारिए


**सिन्ह्वा**

मोगादिसु । सोमाली सरकारको समर्थनमा संयुक्त राज्य अफ्रिका कमाण्ड (अफ्रिकम) ले गरेको हवाई आक्रमणमा दक्षिणी सोमालियामा अल-शबाबका तीन आतङ्ककारी मारिएको अमेरिकी सेनाले शुक्रबार जनाएको छ।

अफ्रिकोमले सोमाली सरकारको अनुरोधमा बिहीबार गरिएको सामूहिक आत्मरक्षा हडताल दक्षिणी बन्दरगाह शहर किसमायोबाट ६० किलोमिटर दक्षिणपश्चिममा रहेको वायन्ता क्षेत्रमा भएको जनाएको छ। "सैन्य कार्यहरू सोमालियाको संघीय सरकारको सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्ने प्रयासहरूको एउटा भाग मात्र हो," अफ्रिकोमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

सोमाली राष्ट्रपति हसन शेख मोहम्मदले गत वर्ष विद्रोही विरुद्ध युद्धको घोषणा गरेपछि अल-शबाब विरुद्धको तीव्र आक्रमण जारि रहिरहेका बेला यो पछिल्लो हवाई आक्रमण भएको हो।

# भक्तपुरमा राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता हुने



भक्तपुर । भक्तपुरमा राष्ट्रिय खुल्ला पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । ओम सृजनशील समाजको आयोजनामा उक्त प्रतियोगितायहअी जेठ २७गतेदेखि सञ्चालन हुनेछ । सूर्यविनायक नगरपालिक्ा-४ दधिकोट हर्षचोकमा भक्तपुर जिल्ला खेलकुद विकास समिति र सूर्यविनायक नगरपालिकाको समन्वयमा सो प्रतियोगिता आयोजना गर्न लागिएको प्रतियोगिताका संयोजक पेशल आचार्यले जानकारी दिए ।

प्रतियोगितामा पहिलो हुने टोलीलाई रु ५० हजार पुरस्कार प्रदान गरिने छ । त्यसैगरी, दोस्रो हुने टोलीलाई रु २५ हजार र तेस्रोलाई रु १५ हजार पुरस्कार प्रदान गरिने छ । तीन दिनसम्म चल्ने उक्त प्रतियोगितामा देशभरका २० टोली सहभागी हुने बताइएको छ । समाजका अध्यक्ष अर्जुन केसीले खेलकुदको माध्यमबाट समाजमा सकारात्मक प्रभाव पर्ने र परिर्वतनका लागि सहयोग पुग्ने अपेक्षाका साथ भलिबल प्रतियोगिता गर्न लागिएको बताए । रासस

# भलिबलको उपाधि एपिएफलाई

मनहरी । केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान हेटौँडाको आयोजनामा भएको पुरुष राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बल (एपिएफ) ले हात पारेको छ । शनिवार भएको फाइनल खेलमा एपिएफ त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै उपाधि चुम्न सफल भएको हो ।



प्रतियोगितामा उपाधि हात पारेसँगै एपिएफले रु दुई लाखसहित ट्रफी र मेडल प्राप्त गरेको छ । उपविजेता त्रिभुवन आर्मी क्लबले रु एक लाखसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । 'बेष्ट अफ फाइभ'मा खेलाइएको खेलमा एपिएफले आर्मीमाथि पहिलो सेटमा २५-२०, दोस्रो सेटमा १७-२५, तेस्रो सेटमा २५-१७ र चौथो सेटमा २९-२७ को जित निकाल्दै उपाधि हासिल गऱ्यो ।

चौथो राउण्डमा निकै प्रतिस्पर्धात्मक रुपमा अगाडि बढेको त्रिभुवन आर्मी एपिएफको सामाना गर्न सकेन् र उपविजेतामा चित्त बुझाउन बाध्य भएको थियो । खेलमा नेपाल पुलिस क्लब र गण्डकी प्रदेश भलिबल टोलीले तृतीय स्थान हासिल गरेसँगै रु ५०/५० हजारसहित ट्रफी र मेडल प्राप्त गरेका छन् । खेलको सर्वोत्कृष्ट खेलाडी एपिएफका विजय थापा घोषित हुनुभएको छ ।

उहाँले रु १५ हजारसहित ट्रर्फी र मेडल प्राप्त गर्नुभयो । खेलको 'बेष्ट कोच' एपिएफका पुष्पजङ्ग मल्ल, 'बेष्ट सेटर' एपिएफका सुवास कुँवर घोषित हुनुभएको थियो भने 'बेष्ट स्पाइकर' त्रिभुवन आर्मी क्लबका शरण सामारी, 'बेष्ट डिफेण्डर' आर्मीका ईश्वर थापा, 'बेष्ट बल्गर' आर्मीकै खेलाडी सरोज चौधरी घोषित हुनुभएको थियो ।

उहाँहरुले रु पाँच हजारसहित ट्रर्फी र मेडल प्राप्त गर्नुभयो । प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बल, नेपाल पुलिस क्लब, मकवानपुर जिल्ला भलिबल सङ्घ, गण्डकी प्रदेश भलिबल टिम, वालिङ भलिबल टिम स्याङ्जा र पाथिभरा टाईगर भलिबल टिम झापासहित सात समूहको सहभागिता रहेको थियो । फाइनल खेल अन्तर्राष्ट्रिय रेफ्री विकाश गुरुङले खेलाउनुभएको थियो ।

प्रतियोगितालाई हेटौँडा उपमहानगरपालिका, प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश सहयोगीका रुपमा रहेका र खेलमा लगभग रु २५ लाख खर्च भएको प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टले बताउनुभयो । यसवर्ष पुरुषतर्फको राष्ट्रिय खेल भए पनि आगामी वर्षदेखि महिलाको पनि प्रतियोगिता गरिने मकवानपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष वसन्त सिटौलाले बताउनुभयो । रासस

# इनरुवामा बहुउद्देश्यीय सभाहल सञ्चालनमा

इनरुवा । सुनसरी सदरमुकाम इनरुवामा बहुउद्देश्यीय सभाहल तथा कभर्डहल सञ्चालनमा आएको छ । जिल्ला प्रहरी कार्यालयले समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत निर्माण गरेको उक्त सभाहल र कभर्डहल शुक्रबारदेखि सञ्चालनमा आएको हो ।

जिल्ला प्रहरी कार्यालय परिसरमा निर्माण गरिएको सभाहल तथा कभर्डहलको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी नायब महानिरीक्षक राजेशनाथ बास्तोलाले उद्घाटन गर्नुभयो । रु ५३ लाखको लागतमा सभाहल निर्माण गरिएको हो । निर्माणमा प्रहरीले रु ३९ लाख ६९ बराबरको श्रमदान गरेको प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो ।

सभाहलको क्षमता दुई सय ५० जना अटाउने रहेको छ । सभाहल चार महिनामा निर्माण सम्पन्न भएको हो । उक्त सभाहल जिल्ला प्रहरी कार्यालयको स्वीकृति लिएर सर्वसाधारण तथा अन्य सरकारी कार्यालयले समेत प्रयोग गर्न पाउने प्रहरीले जनाएको छ । रासस

# मे महिनामा चीनको नविकरणीय ऊर्जा सवारी साधन विक्री ८२ प्रतिशतले बढ्यो

**सिन्ह्वा**

बेइजिङ । चीनमा नविकरणीय ऊर्जा सवारी साधनको खुद्रा विक्री मे महिनामा वार्षिकरूपमा ८२ प्रतिशतले बढेको पाइएको छ ।

चाइना प्यासेन्जर कार एसोसिएसनको पछिल्लो तथ्याङ्कले सो विवरण देखाएको छ ।

विवरणअनुसार मे १ देखि २८ सम्मको अवधिमा चीनमा कुल ४८३, ००० वटा त्यस्ता सवारी साधन विक्री भएको थियो ।

यसैबीच, यात्रुवाहक सवार ीसाधनको खुद्रा विक्री वार्षिक दुई प्रतिशतले बढेर ७.२९ मिलियन युनिट पुगेको छ ।

सीपीसीएले मुख्यतया मे दिवसको बिदाको समयमा विक्री प्रवर्द्धन, केन्द्र र स्थानीय सरकारद्वारा ल्याइएका उपभोग अनुदान नीतिलाई प्रश्रय दिएको छ ।

# भारतबाट 'एयर रुट' प्राप्त हुन्छ भन्ने विश्वास छ : अर्थमन्त्री डा महत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको चारदिने औपचारिक भ्रमणमा हुनुहन्छ। भ्रमणमा प्रधानमन्त्रीका साथमा अर्थ, परराष्ट्र, ऊर्जा, भौतिक पूर्वाधार तथा यातायात, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री, मुख्यसचिव एवं सचिवहरूसहित उद्योगी, व्यवसायीहरूको सहभागिता छ। भ्रमणका क्रममा नेपाल र भारतबीच आर्थिक सहकार्यका विविध विषयमा समझदारीसमेत भएको छ। सरकारले ऊर्जा व्यापार र अन्तरदेशीय प्रसारण लाइन निर्माण, अन्तरदेशीय भुक्तानी, नेपालमा आर्थिक पूर्वाधार निर्माण, पारवहन सन्धि नवीकरणलगायतलाई मुख्य उपलब्धि मानेको छ। प्रधानमन्त्री दाहालको भारत भ्रमणमा केन्द्रित रहेर भ्रमणदलमा सहभागी अर्थमन्त्री डा प्रकाशशरण महतसँग गरिएको कुराकानीको सम्पादित अंशः



**प्र. प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारत भ्रमण दलमा यहाँ पनि सहभागी हुनुहुन्छ । प्रधानमन्त्रीको यस भ्रमणलाई यसलाई कसरी लिनुभएको, हामी कति सफल रह्यौ ?**

-भ्रमण अन्यन्तै सौहार्दपूर्ण र उपलब्धिमूलक रह्यो । नयाँदिल्ली र मध्यप्रदेशमा अत्यन्त ठूलो सौहार्दता र स्वागत भयो।

**प्र. भ्रमणका क्रममा नेपालले उठाउँदै आएको ऊर्जा व्यापारका विषयमा प्रगति भएको देखिन्छ, यसलाई कसरी हेर्नुभएको छ ?**

-ऊर्जाका क्षेत्रमा महत्वपूर्ण समझदारी भएको छ । खासगरेर दीर्घकालमा १० हजार मेगावाटसम्म विद्युत् भारतले किन्ने समझादरी भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी स्वयंले पनि संयुक्त पत्रकार सम्मेलनमा बोल्नुभएको छ । यसले नेपालको ऊर्जा विकास र समग्र अर्थतन्त्रलाई चलायमान गर्न ठूलो मद्दत गर्छ । भोलिका दिनमा व्यापार घाटा कम गर्न विद्युत् व्यापार कोशेढुङ्गा सावित हुनेछ । अहिले नेपालको जलविद्युत् क्षेत्रमा लगानी बढिरहेको छ, भारतले पनि दुई ठूला आयोजनामा लगानी गर्ने समझदारी भएको छ । फुकोट कर्णाली र तल्लो अरुणमा लगानी गर्ने निर्णय भएको छ। यसबाट विद्युत्को उत्पादन बढ्ने र सँगसँगै बजार पनि सुनिश्चित हुनेछ । भोलिका दिनमा विद्युत्को निर्यातबाट ठूलो विदेशी मुद्रा आर्जन गर्ने र व्यापार घाटा कम गर्ने ठूलो सम्भावना छ । सँगसँगै आन्तरिक खपत बढाएर, विद्युतीय सवारीसाधन, विद्युतीय चुलो उपयोग गरेर हरित अर्थतन्त्रलाई बढवा दिन र आयात प्रतिस्थापन गर्ने र विद्युत्को निर्यात बढाउने दुवैमार्फतबाट व्यापार घाटा कम गर्न ठूलो मद्दत हुन्छ। यस्तै बङ्गलादेशसँग पनि अहिले ५० मेगावाट निर्यात गर्ने सुरुआत भएको छ। त्यहाँ पनि विद्युत् व्यापारको ढोका खोलेको छ।

**प्र. भ्रमणका क्रममा 'केनेक्टिभिटी'का अन्य क्षेत्रमा पनि समझदारीमा पुगेका छौं, यसबाट हामीले अपेक्षा गरेका विषय भारतका तर्फबाट सम्बोधन भयो भन्न सकिन्छ ?**

-एयर 'कनेक्टिभिजी'मा हामीले स्पष्ट कुरा राखेका छौं। भैरहवामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा विमानस्थलमा भारतबाट कनेक्टिभिटी बढोस् भनेका छौं । गौतमबुद्ध विमानस्थलमा एयर रुटका कुरा भएको छ। लो अल्टिच्यूडमा उडान गर्ने साना विमानलाई आउन दिनेमा उहाँहरू सकारात्मक देखिनुभएको छ। हाइ अल्टिच्यूडको पनि रुट प्राप्त हुन्छ भन्ने हामीलाई विश्वास छ।

**प्र. भारतीय पक्षको चासो के थियो ? एयर रुटका सम्बन्धमा किन सहमति भएन ?**

-यससम्बन्धमा निर्णयमा पुग्न सकिएन, तर लो अल्टिच्यूडमा उहाँहरू तयार भइसक्नुभएको छ, अन्ततः उहाँहरू हाइ अल्टिच्यूड पनि हुन्छ । एयर कनेक्टिभिटी समझदारी थप ठाउँबाट हुने र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग सहज हुनेमा सहमति बन्छ। यसका आधार भ्रमणले तयार गरेको छ।

**प्र. सरकारले राष्ट्रिय हितलाई ध्यानमा राखेर भारतसंग महत्वपूर्ण समझदारी गरिरहेको छ, तर काठमाडौंले फरक दृष्टिकोणले हेरिरहेको देखिन्छ, यसलाई कसरी लिने ?**

-नकारात्मक कोणबाट हेर्ने प्रवृत्ति पनि छन् । तर हामीले कामबाट नै ती प्रवृत्तिलाई निरुत्साहित गर्न सक्छौं। हरेक कुरालाई शङ्काको दृष्टिकोणबाट मात्रै हेर्नु उपयुक्त हुँदैन । खासगरी भारतसँगको सम्बन्धलाई लिएर बढी शङ्का गर्ने प्रचलन छ। तर नेपाल र हामीले राष्ट्रिय स्वार्थ र आवश्यकतालाई मध्यजनर राखेर जुनसुकै देशसँग सम्बन्ध राख्ने हो । भारतसँगको सवालमा पनि नेपालको आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर सम्बन्ध विकास गर्ने हो। त्यहीअनुसार भएको छ। हरेक विषयलाई शङ्काको कोणबाट मात्र हेर्न हुँदैन । सीमामा देखिएको समस्याका विषयमा पनि प्रधानमन्त्री मोदी स्वयंले संयुक्त पत्रकार सम्मेलनमा स्पष्ट ढङ्गबाट समाधान गर्छौं भन्नुभएको छ। त्यसले पनि थप विश्वास पैदा भएको छ।


**प्र. हामीले अपेक्षा गरेका आधारमा भ्रमण सफल रह्यो भन्ने हो ?**

-भ्रमण एकदमै सफल र उपलब्धिमूलक रह्यो।

**प्र. यहाँले भर्खरै बजेट प्रस्तुत गर्नुभएको छ, बजेटमाथि अनेकखालका टिप्पणी भइरहेका छन्, यसलाई कसरी लिनुभएको छ ?**

-बजेटका सम्बन्धमा हरेक खालका टिप्पणी हुने गर्छ। शेयर मार्केटमा के गर्‍यो भन्ने आइरहेको छ। त्यसमा हामीले सेयरमा लागनीकर्तालाई फेरि आयकरमा कर लगाउने भनेको छैन । शेयर कारोबारलाई नै व्यवसाय बनाउनेका लागि 'रिपोर्ट' गर्नुहोस्, त्यसमा अझ छुट हुन्छ भनेका हौं । शेयर बजारमा लगानी गरौं, आम्दानी होला भनेर लगानी गर्नुभएको कसैलाई पनि आयकरको दायरामा ल्याइएको छैन भन्ने भ्रम हो । अन्य करका दर पनि हामीले व्यापारिक घरानालाई फाइदा दिने, कसैलाई बेफाइदा गर्नेभन्दा पनि समग्र अर्थतन्त्रलाई चलायमान गराउने गरेर मात्रै तय गरेका हौं । विद्युतीय सवारीमा कम क्षमता भएकालाई एउटा, बढी क्षमता भएकालाई अलिकति बढी, अझ बढी क्षमता भएकालाई झन् बढी त्यसरी गरेका छौं, कसैलाई पनि अप्ठ्यारो पार्ने गरेर र विद्युतीय सवारीसाधनलाई निरुत्साहित गर्ने गरी केही भएको छैन। रासस

# वार्षिक आम्दानीअनुसार कति तिर्ने आयकर ?




काठमाण्डु । सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत करका विभिन्न दर हेरफेर गर्‍यो । आर्थिक विधेयक २०८० मार्फत सरकारले आयकरसम्बन्धी व्यवस्थामा पनि संशोधन गरेको छ। वार्षिक करयोग्य आय रू २० लाखभन्दा बढी भएका व्यक्तिले तिर्नुपर्ने आयकर बढाइएको छ।

आर्थिक विधेयकमा भएका व्यवस्थाबारे आन्तरिक राजस्व विभागले शुक्रबार थप स्पष्ट पार्दै आगामी आर्थिक वर्षमा तिर्नुपर्ने आयकरसम्बन्धी विवरण सार्वजनिक गरेको छ । नयाँ व्यवस्थाले रू २० लाखभन्दा बढीको वार्षिक करयोग्य आम्दानी भएका व्यक्तिका लागि आयकरको दर परिमार्जन गरेको छ । रू २० लाखभन्दा माथि रू ५० लाखसम्मको करयोग्य आयमा ३६ प्रतिशत आयकर लाग्नेछ। त्यस्तै रू ५० लाखभन्दा माथिको जुनसुकै करयोग्य आयमा ३९ प्रतिशत कर लाग्नेछ। वार्षिक रू २० लाखभन्दा कम करयोग्य आय भएका व्यक्तिका लागि भने करका दर यथावत राखिएका छन् ।

हाल एकल व्यक्तिले रू पाँच लाखसम्म र दम्पतीको हकमा रू छ लाखसम्मको करयोग्य आयमा एक प्रतिशत आयकर तिर्नुपर्छ । तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरणबापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा भने एक प्रतिशत कर आयकर नलाग्ने व्यवस्था रहेको छ।

एकल व्यक्तिले रू पाँच देखि रू सात लाखसम्म र दम्पत्तिको हकमा रू छ लाखदेखि रू आठ लाखसम्मको करयोग्य आयमा १० प्रतिशत आयकर तिर्नुपर्छ। एकल व्यक्तिको हकमा रू सात लाखभन्दा बढी र रू १० लाख सम्म तथा दम्पतीको हकमा रू आठ लाखदेखि रू ११ लाखसम्मको आयमा २० प्रतिशत आयकर तिर्नुपर्छ। एकल व्यक्तिको हकमा रू दश लाख देखि रू २० लाख र दम्पत्तिको हकमा रू ११ लाखदेखि रू २० लाखसम्मको आयमा ३० प्रतिशत आयकर लाग्ने व्यवस्था रहेको छ।

वार्षिक करयोग्य आय गणना गर्दा विभिन्न शीर्षकको रकम गणना गर्नु नपाउने अर्थात् छुटको व्यवस्था पनि आर्थिक विधेयकमा राखिएको छ। प्राकृतिक व्यक्तिको आयमा समावेश नहुने रकम वा खर्चमा छुट हुने रकम पनिको सीमा सरकारले तोकिदिएको छ।

कुनै व्यक्तिले अवकाश कोषमा योगदान गर्दा वार्षिक रू तीन लाख वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ सो रकममा आफ्नो करयोग्य आयबाट घटाउन सकिने व्यवस्था रहेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्दा भने रू पाँच लाख वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन कम हुन्छ, सो रकमसम्मको आफ्नो करयोग्य आयबाटबाट घटाउन सक्ने व्यवस्था छ।

दुर्गमभत्ता सुविधा पनि करयोग्य आयबाट घटाउन मिल्छ । त्यस्तै नेपालका विदेशस्थित कूटनीतिक नियोगमा कार्यरत कर्मचारीलाई प्राप्त हुने वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाउन सकिने राजस्व विभागले जनाएको छ।

निवृत्तिभरणबाट भएको आयमा व्यक्तिले पाउने छुट सीमामा २५ प्रतिशत घटाउन पाइनेछ। त्यस्तै, अपाङ्ग व्यक्तिले आफ्नो करयोग्य आयमा थप ५० प्रतिशत रकम घटाउन पाउनेछन् । बीमाबापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रू ४० हजारमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाइन्छ। स्वास्थ्य बीमावापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रू पाँच हजारमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाइन्छ।

व्यक्तिले आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमावापत तिरेको वार्षिक प्रिमियम वा रू पाँच हजारसम्मको रकममा जुट घटी हुन्छ त्यस्तो रकम पनि करयोग्य आयबाट घटाउन पाइन्छ । औषधि उपचार खर्चबापत बिलबमोजिमको वास्तविक खर्च रकमको १५ प्रतिशत वा रू सात सय ५० मा जुन घटी हुन्छ, उक्त रकम पनि कर मिलान गर्न सकिने व्यवस्था रहेको छ। रासस

# भ्रमणले प्रधानमन्त्री तहमा विश्वासको वातावरण बढाएको छ : परराष्ट्रमन्त्री साउद

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको चारदिने औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्कने क्रममा हुनुहुन्छ। प्रधानमन्त्री दाहाल र भारतीय समकक्षी नरेन्द्र मोदीबीच 'वान टु वान' र प्रतिनिधिमण्डलस्तरमा वार्ता भएर नेपाल र भारतबीच विभिन्न द्विपक्षीय सम्झौता एवं समझदारी भएका छन् । यो उच्चस्तरीय भ्रमणले नेपाल-भारत सम्बन्धलाई थप उचाइमा पुर्‍याउने नेपाल सरकारको विश्वास छ। प्रधानमन्त्रीको भारत भ्रमणमा केन्द्रित रहेर भारतको मध्यप्रदेश इन्दौरमा पराष्ट्रमन्त्री एनपी साउदसँग गर्नुभएको अन्तर्वार्ताको सम्पादित अंशः

**प्र. प्रधानमन्त्रीको भारत भ्रमणलाई यहाँले कसरी लिनुभएको छ ?**

-सम्मानीय प्रधानमन्त्रीज्यूको भारत भ्रमण सम्पन्न भएको छ। दुई देशका बीचको पुरानो, घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई यो भ्रमणले अगाडि बढाएको छ । यो भ्रमणका क्रममा विभिन्न समझदारी र सम्झौता भएका छन् । यसले नेपाल-भारत पारस्पारिक विकासका लागि राम्रो दृष्टान्त दिएको छ । ऊर्जाको विकास र व्यापारका सम्बन्धमा पनि भारतसँग ऐतिहासिक सहमति भएको छ। यो सहमतिले नेपालभित्र भारतीय र अन्य लगानी आउने विश्वास बढाएको छ । नेपालमा उत्पादन भएको विद्युत् बङ्गलादेशमा पनि पठाउन सक्नेछौं । त्यसले नेपालको बृहत् आर्थिक विकासमा योगदान पुर्‍याउनुका साथै भारतसँगको व्यापार घाटालाई पनि न्यूनीकरण गर्नेछ। सबै विषय सकारात्मक छन् । पारवहन सम्झौता नवीकरण भएको छ। पारवहनबाहेक अन्य 'इन्ट्री प्वाइन्ट'हरूको कुरा, चेक प्वाइन्टको कुरा छ। यसलाई हामीले सकारात्मकरूपमा लिएका छौं।



**प्र. विद्युत् व्यापारसम्बन्धी सम्झौताले वैदेशिक लगानीकर्तालाई अब नेपालमा लगानीका लागि अवसर छ भन्ने सन्देश प्रवाह गरेको हो ?**

-विद्युत्मा अर्बौं लगानी गर्नुपर्ने हुन्छ। कुनै पनि लगानीकर्ताले उसको बजार सुनिश्चित नहुँदासम्म लगानी गर्न सक्दैन । सिद्धान्ततः भारतले नेपालको विद्युत् किन्न स्वीकार गरेको छ । आउँदो १० वर्षभित्र १० हजार मेगावाट बिजुली किन्ने लक्ष्य राखेको छ । उहाँहरूले २५ वर्षसम्म किन्ने प्रत्याभूति दिनुभएको छ । आवश्यकताअनुसार आउने १० वर्षमा बढ्दै जाने सहमति भएको छ । दोस्रो भारतीय ग्रीडलाई प्रयोग गरेर हाम्रो विद्युत् बङ्गलादेशसम्म पुर्‍याउन भारत सहमत भएको छ । त्यसमा हामीले बङ्गलादेशसँग पनि कुरा गरेका छौं । बङ्गलादेश पनि नेपालका लागि भारतजस्तै महत्वपूर्ण विद्युत् बजार हो । त्यो फाइदा पनि नेपालले लिनसक्ने अवस्था देखिएको छ।

**प्र. नेपाल र भारतबीचको सीमा समस्याका सम्बन्धमा पनि छलफल गरौ भन्ने विषयमा दुवै देशका प्रधानमन्त्रीबीच कुरा भएको बाहिर आएको छ । त्यसमा के प्रगति भएको हो ?**

-सीमाको सम्बन्धमा दुवै देशबीचमा लामो समयदेखि सीमासम्बन्धी संयन्त्रले काम गर्दै आएको छ। त्यसमा नक्साको काम पनि भइरहेको छ । सहमति हुन नसकेको स्थानमा कूटनीतिक एवं राजनीतिक तहमा आवश्यक निर्णयमा पुग्नुपर्ने देखिन्छ । यतिञ्जेलसम्म सीमा समस्याका बारेमा नेपालले नै अली बढी आवाज उठाइरहेको देखिन्थ्यो र त्यो स्वाभाविक पनि थियो । अहिले स्वयं भारतका प्रधानमन्त्रीले पनि नेपालसँगको सीमा र अन्य समस्याका विषयमा भारत समाधान गर्ने दिशामा अगाडि बढ्नेछ भन्नुभएकाले यसले नेपालसँगको सम्बन्धलाई भारतले नयाँ सिराबाट हेर्न खोजेको देखिन्छ। हाम्राबीचमा भएका विवादलाई टुङ्ग्याएर दुई देशको मैत्रीपूर्ण सम्बन्धलाई अरु अगाडि बढाउन खोजेको स्पष्ट देखिन्छ।

**प्र. भ्रमणअघि नेपालमा प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी) को प्रतिवेदनको विषयलाई लिएर अनेक खालका टिप्पणी भइरहेको थियो, द्विपक्षीय भेटवार्तामा त्यस विषयले प्राथमिकता पायो कि पाएन ?**

-इपिजी प्रतिवेदन दुवै देशका सरकारबाट गठित प्रबुद्ध व्यक्तिहरूको समितिले तयार गरेको हो । त्यो प्रतिवेदनप्रति हाम्रो नैतिक जवाफदेही हुन सक्दछ । तर त्यसको कार्यान्वयनको कुरा दुवै देश सहमत नहुँदासम्म सम्भव छैन । त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सकारात्मक छ । हामीले त्यो प्रतिवेदन पढिसकेका छैनौं। तर त्यसमा जिम्मेवार बौद्धिक व्यक्तित्वहरू हुनुहुन्छ, त्यसका कारण उहाँहरूले सहमति दिएका कुरामा हामीलाई विश्वास छ । सँगसँगै भारतले त्यसलाई बुझिसकेको अवस्था छैन । भारतले किन बुझेन, कसरी बुझेन भन्ने कुराकाबारेमा पटकपटक नेपालको राजकीय तहमा कुरा भएको छ । उनीहरूले त्यसका बारेमा जवाफ दिनुपर्थ्यो। विगतका सरकार जो बहुमत, दुई तिहाइका सरकार थिए उनीहरूले भारतसँग त्यो बेलामा भएको कुराकानीका बारेमा 'मेमोरी' हस्तान्तरण भएको छैन । तर यसपटक हामीले इपिजी प्रतिवेदनका सम्बन्धमा भारतको दृष्टिकोण आफैं आओस् भन्ने सोच लिएर विवादका लागि विवाद मात्रै गर्ने गरेर मुद्दा उठाएनौं।

**प्र. सीमा समस्यालाई नयाँ ढङ्गबाट अगाडि बढाऔं भन्ने भारतीय प्रतिबद्धता आएको छ, यसलाई कसरी लिने ?**

-इपिजी प्रतिवेदन कुनै विवाद होइन, त्यो नैतिक जिम्मेवारीको दस्तावेज हो । दुई वटा देशको सरकारले चाहेर समूह गठन भयो, उनीहरूले प्रतिवेदन दिए, त्यसलाई हामीले पढ्नुपर्छ, पढिसकेपछि जस्ताको तस्तै लागू हुन्छ कि, पुनरावलोकन गर्नुपर्छ त्यसका बारेमा छलफल हुन सक्दछ । तर हाम्रातर्फबाट सकारात्मक छौं, भारतले त्यसलाई बुझेको छैन, अब इपिजी प्रतिवेदन र सीमाका विषय फरक हुन् । सीमाका विषय संवेदनशील हुन्, नेपालको पनि त्यसमा सरोकार छ । यससम्बन्धमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्वयं सकारात्मक जवाफ दिनुभएको छ। यो समस्या धेरै लामो समयसम्म थाँती राख्नुभन्दा पनि समस्या समाधान गर्ने बाटोमा हामी जानुपर्दछ।

**प्र. कञ्चनपुरको चाादनी-दोधारामा एकीकृत जाँ चचौकी निर्माण गर्ने, महाकालीमा पक्की पुल निर्माण गर्ने विषयमा पनि सहमति भएको छ । तपाई त्यहीको जनप्रतिनिधि हुनुहुन्छ, यसलाई कसरी लिनुहुन्छ ?**

-दोधरामा सुख्खा बन्दगाहा र एकीकृत जाँचचौकी निर्माण गर्ने कुरामा सहमति भएको छ । डडेल्धुराको पर्शुराम क्षेत्र र दार्चुलाको झुलाघाटमा पक्की पुल बनाउने कुरा भएको छ। केही ठाउँमा तुइन विस्थापित गरेर महाकालीमा झोलुङ्गे पुल बनाउने कुरा गरेका छौं । त्यसका लागि खर्चको हकमा हामी आफैं दिन तयार छौं भनेर स्पष्ट पारेका छौं।

**प्र. समग्रमा यसपटकको भारत भ्रमण कस्तो रह्यो ?**

-धेरै हिसाबले यो भ्रमण ऐतिहासक नै छ । पारवहन सन्धिको नवीकरण गरिएको छ । ऊर्जासम्बन्धी सहमतिमा पुगेका छौं। केही हप्ताभित्रै भारतको 'क्याबिनेट' बसेर त्यसलाई अनुमोदन गर्ने विश्वास दिलाउनुभएको छ। विभिन्न सात वटा समझदारीमा हस्ताक्षर भएको छ। प्रधानमन्त्री तहमा विश्वासको वातावरण बढाएको छ।


**प्र. पञ्चेश्वर बहुउद्धेश्यीय आयोजनाको सम्बन्धमा ठोस् सहमति हुन सकेन भन्छन् नि ?**

-पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका विषयमा केही मुद्दा छन् भन्ने सबैलाई थाहा छ । हामी महाकाली सन्धिअन्तर्गत पञ्चेश्वर परियोजना अघि बढोस् भन्ने चाहन्छौं । त्यसका लागि सबैभन्दा पहिले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउन जरुरी छ । तीन महिनामित्र डिपिआर बनाउने र त्यसपछि पानी बाँडफाँटका विषयलाई समाधान गर्दै जाने भन्ने विषयमा छलफल भएको छ। रासस

# मदिरा उत्पादकदेखि बिक्रेतासम्मको लाइसेन्स र नवीकरण दस्तुर बढ्यो

काठमाण्डु । सरकारले आर्थिक विधेयक, २०८० मार्फत मदिरा र सूर्तीजन्य वस्तुको उत्पादक, वितरक तथा बिक्रेताको इजाजतपत्र (लाइसेन्स) र नवीकरण दस्तुर बढाएको छ।

आर्थिक विधेयकमार्फत अन्तःशुल्क नियमावली,



२०७९ मा भएको संशोधन तथा परिमार्जनबारे आन्तरिक राजस्व विभागले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार स्प्रिट, बियर, इथानोल र अन्य मरिदा उत्पादन गर्ने प्रतिष्ठानको लाइसेन्स र नवीकरण दस्तुर रू ५५ हजारले बढेको हो। यसअघि यस्तो शुल्क रू एक लाख ९५ हजार बराबर रहेकामा त्यसलाई बढाएर रू दुई लाख ५० हजार पुर्‍याइएको छ।

वाइन, ब्रान्डीजस्ता फलफूलमा आधारित मदिरा बनाउने प्रतिष्ठानको लाइसेन्स र नवीकरण शुल्क रू चार हजारले बढाएर रू एक लाख पुर्‍याइएको छ। चुरोट उत्पादन गर्ने प्रतिष्ठानलाई रू दुई लाख ४० हजार इजाजत तथा नवीकरण दस्तुर लाग्दै आएकामा त्यस्तो शुल्क रू तीन लाख पुगेको छ।

मदिरा बिक्रीवितरणका लागि होटल, रेस्टुराँ, रिसोर्ट, बारले लिने इजाजत तथा नवीकरण दस्तुर पनि बढेको छ । यस्तो शुल्क यसअघि पाँच तारे होटललाई रू ६० हजार रहेकामा रू ७५ हजार, चारतारे होटललाई रू ४८ हजार रहेकोमा ६० हजार र तीन तारे होटललाई रू ३६ हजार रहेकामा ४५ हजार बनाइएको छ । दुई तारेलाई रू २४ हजार रहेकामा रू ३० हजार र एक तारेलाई रू १२ हजार रहेकामा रू १५ हजार पुर्‍याइएको छ।

स्वदेशी तथा विदेशी मदिरा बेच्ने पर्यटकस्तरको रेस्टुरेन्ट, रिसोर्ट तथा पार्टी प्यालेसले इजाजत तथा नवीकरणका लागि रू आठ हजार पाँच सय तिर्दै आएका थिए। अहिले त्यो बढेर रू ११ हजार पुगेको छ । साधारण होटल, रेस्टुरेन्ट, बार तथा लजका लागि रू चार हजार पाँच सय बराबर शुल्क रहेकामा रू छ हजार पुर्‍याइएको छ।

मदिरा वितरकलाई यस्तो शूल्क रू ३६ हजार बराबर रहेकामा बढेर रू ४५ हजार पुगेको छ । त्यस्तै मदिराको थोक बिक्रेतालाई रू २४ हजार दस्तुर लाग्ने गरेकामा रू ३० हजार पुर्‍याइएको छ।

मदिरा बिक्री गर्ने खुद्रा बिक्रेताको इजाजत लिन तथा त्यस्तो इजाजत नवीकरण गर्दा लाग्ने शुल्क पनि बढेको छ। यस्तो इजाजत तथा नवीकरणका लागि रू १२ हजार शुल्क लाग्ने गरेकामा अब रू १५ हजार शुल्क लाग्नेछ। त्यस्तै, डिपार्टमेन्टल स्टोरले रू २४ हजार शुल्क तिर्दै आएकामा रू ३० हजार तिर्नुपर्नेछ । विदेशी मदिरा तथा स्प्रिट आयातकर्ताको अनुमति लिन तथा त्यस्तो अनुमतिपत्रको नवीकरणका लागि रू ४८ हजार शुल्क लाग्दै आएकोमा रू ६० हजार पुगेको छ।

विदेशी चुरोट तथा सिगार, सूर्तीजन्य पदार्थ आयातकर्तालाई रू ४८ हजार बराबर शुल्क लाग्दै आएको थियो। त्यसलाई बढाएर रू ६० हजार तोकिएको छ। त्यस्तै, पान मसला, चुरोट, खैनी, जर्दा, नश, तथा सुर्तीजन्य वस्तुका थोक बिक्रेताको लाइसेन्स तथा नवीकरणका लागि रू सात हजार दुई सय लाग्दै आएकामा अब रू १२ हजार शूल्क लाग्नेछ। यस्ता वस्तुको खुद्रा बिक्रेताका लागि रू दुई हजार शुल्क लाग्दै आएकामा अब रू तीन हजार लाग्नेछ। पान मसला, खैनी, जर्दा, नश, चुरोट बाहेकका सूर्तीजन्य वस्तु उत्पादन गर्ने प्रतिष्ठानका लागि रू एक लाख २० हजार लाग्दै आएकामा अब रू दुई लाख लाग्नेछ। रासस

**भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट**

**मोहियानी हकदावी बारे ३५ दिने सुचना**

तपसिलको जग्गाको मोही मरुवा रहेकोले मोही लगत कटटा गरी पाउ भनि ज.ध. तर्फबाट निवेदन पर्न आएकोले यो ३५ दिने सुचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भए मोही लगत कटटा हुनु नपर्ने कारण भए सुचना जारी भएको ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सुचनाबाट सुचित गरिन्छ।

**तपसिल**

| ज.ध.को नाम | जिल्ला | गाविस | वडा नं. | कि नं. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| फुल कुमारी देवी | रौतहट | बसतपुर | ७ | २३२।४८२ | ०-९-६ | जीतलाल राय यादव बसतपुर |

# धनुषाका ३३ जनासहित नेपालबाट झण्डै ११ सय हजका लागि साउदी जाँदै



**बाला खुद्दार**

जनकपुरधाम । यस वर्ष धनुषाबाट ३३ जना हज यात्री हजको लागि काठमाण्डु प्रस्थान गरेका छन् ।

जिल्लाका जनकपुरधाम उपमहानगरपालिका, सबैला नगरपालिका, मिथिला विहारी नगरपालिका, गणेशमान चारनाथ नगरपालिकासहितका ३३ जना यस वर्ष हजका लागि खाडी मुलुक साउदीको मक्का मदिना जान लागेको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ ।

शनिबार हजका लागि घरबाट प्रस्थान गरेका हज यात्रीहरु राति काठमाण्डु स्थित काशमिरी मस्जिदमा बसोवास गर्ने र त्यहाँबाट आइतबार हजका लागि साउदी प्रस्थान गर्ने कार्यक्रम रहेको छ ।

धनुषाका १२ जना महिलासहित ३३ जना हजका लागि साउदी जान लागेका छन् । यस वर्ष नेपालबाट हजका लागि १ हजार १८० जना हाजी हज गर्न खाडी मुलुक साउदीको मक्का मदिना जान लागेका छन् ।

इस्लाम धर्मका पाँच वटा आधार स्तमभ मध्ये हज पनि एउटा महत्वपूर्ण स्तभ रहेको छ । तर हज हुने खाने सम्पन्न मुस्लिमलाई अनिवार्य गरिए पनि गरीब विपन्नलाई भने छुट गरिएको छ। हज गर्दा पुण्य तथा मोक्ष प्राप्ति हुने जन विश्वास रहेको हज यात्री मास्टर क्युमले बताए ।

प्रत्येक वर्ष नेपालसहित संसारभरिका मुस्लिम सामुदाय हज गर्न लागि साउदी जाने गरेका छन् । इस्लाम धर्मावल्मीहरुको लागि साउदी महत्वपूर्ण स्थल मानिएको छ ।

साउदी सरकारले यस वर्ष १ हजार २ सय नेपाली हज यात्रीको लागि कोटा प्रदान गरिएको हज कमिटीका पूर्व सदस्य मो. कैसले जानकारी दिए ।

कोभिड कालमा कोटा निकै न्यून दिएको थियो । यस वर्ष नेपाल सरकारले प्रत्येक हज यात्रीसंग ४ लाख ६५ हजार रुपैयाँ लिने परिपत्र गरेको छ ।

नेपाल सरकारले हज यात्रीहरुसंग चर्को रकम असुल गरे पनि हज यात्रीहरुको लागि साउदीमा बस्ने र खाने राम्रो व्यवस्थापन गर्न नसकिरहेको गुनासो रहँदै आएको छ।

यस वर्ष नेपालबाट हज गर्न धनुषाबाट ३३,काठमाण्डुबाट ३४,मोहत्तरीबाट ४१,पर्साबाट २६ र सर्लाहीबाट ३९ जना रहेको छ । त्यसैगरी, कपिलवस्तुबाट १९१,कैलालीबाट २,सुर्खेतबाट १ बर्दियाँबाट ५ दाङ्गबाट ३ र अर्घाखाँचीबाट ८ जना रहेको छ।

त्यस्तै,नवलपरासी पश्चिमबाट ९ पालपाबाट २३ र चितवनबाट २ जना रहेको छ । तनहुँबाट ३ रुपन्देहीबाट ३,नुवाकोटबाट ४,बाँकेबाट १३६,रुपन्देहीबाट१०४,रौतहटबाट ९५ र बाराबाट २७ जना रहेको छ । त्यसैगरि झापाबाट १०,मोरङ्गबाट २२,सुन्सरीबाट १८४ सप्तरीबाट २ र बाँकेबाट २ जना रहेका छन् ।

# 'वनस्पति उद्यानको विकासको लागि आफू प्रतिबद्ध छ'



**टुडे समाचारदाता**

जनकपुरधाम । वन तथा वातावरण मन्त्री डा.वीरेन्द्र प्रसाद महतोले धनुषाको धनुषाधाममा रहेको वनस्पति उद्यान(धार्मिक वाटिका)को निरीक्षण गरेका छन् ।

वनस्पति अनुसन्धान केन्द्र धनुषाका प्रमुख ताहिर हुसैनको अगुवाइमा शनिबार एक समारोहबीच उनले सो निरीक्षण भ्रमण गरेका छन् ।

निरीक्षणको क्रममा मन्त्री महतोले धनुषाधामस्थित उद्यानलाई धार्मिक उद्यानको रुपमा विकसित गर्न सकिए जनकपुरधाम क्षेत्रको एउटा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको बताए ।

उनले भने,'धार्मिक नगरी जनकपुरधामको क्षेत्रमा रहेको धनुषाधाम आफैमा महत्वपूर्ण ऐतिहासिक थलो हो यहाँ धार्मिक उद्यान निर्माण हुनु अत्यन्त महत्वपूर्ण काम हो।'

बजेटको अभावमा जटिबुटी सम्बन्धी कार्यक्रमहरु ठप्प रहेको जिल्ला वनपस्पति अनुसन्धान केन्द्र धनुषाका प्रमुख हुसैनको गुनासोको जवाफ दिँदै उनले भने ,'जटिबुटी खेती धनुषामा मात्र नभइ समग्र राष्ट्रकै लागि बरदान भैं हुँदा पनि बजेट अभावमा काम बन्द हुनु दुर्भाग्यपूर्ण हो यसको लागि छिट्टै विभागमा छलफल गर्नेछु।' विभागमा हुन लागेको पहिलो छलफलमा यस उद्यानबारे कुरो उठाउने आश्वासन समेत उनले दिए ।

धार्मिक उद्यानको रुपमा विकासका लागि वन मन्त्रालयबाट हुने काममा आफूले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले भने,'जडिबुटी उत्पादनको लागि यो उद्यान वरदान साबित हुनेछ भन्नेमा म विश्वस्थ छु।'

धनुषाधाम स्थित सो उद्यानमा हिन्दु धर्म परम्परामा विभिन्न देउताको प्रतीकको रुपमा रहेका धार्मिक सांस्कृतिक महत्वका रुख बिरुवाहरु रोपिएको छ ।

प्रमुख हुसैनका अनुसार रुद्राक्ष,कपुर,तुलसीका विभिन्न प्रजातिलगायतका धार्मिक महत्वका करीब ६४ किसिमको विरुवा सो उद्यानमा रोपिएको छ भने विभिन्न जडिबुटीको बीउ बिरुवा उत्पादन हुने गरेको छ । तर अहिले बजेट अभावको कारण अन्य कार्यक्रमहरु ठप्प रहे पनि विरुवा उत्पादन भने जारी रहेको उनले बताए ।

# विपद् पूर्व तयारी अभ्यास



**टुडे समाचारदाता**

जनकपुरधाम। विपद् जोखिम न्यूनीकरणको तयारी स्वरूप धनुषमा विपद्बाट जोगिनका लागि "विपद् पूर्व तयारी तथा राहत वितरण सम्बन्धी अभ्यास" जनकपुरधामको गंगासागरमा शनिबार सम्पन्न भएको छ ।

बाढीका दृष्टिकोणले निक्कै जोखिममा पर्ने जिल्लाको रुपमा रहेको धनुषा जिल्लामा कमला, जमुनी, वडहरी, औरही जस्ता नदीहरूमा वर्षेनि रुपमा बाढी आएर धनजनको क्षति हुने भएकाले यसबाट हुने धन जनको क्षतिलाई न्यून गर्नका लागि पूर्व अभ्यास गरिएको छ ।

जनकपुरधामका गंगासागरलाई विभिन्न खोला तथा नदी क्षेत्र मानेर नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीले नेपाल रेडक्रसको सहभागितामा पूर्व तयारी स्वरूप अभ्यास गरिएको छ ।

पूर्व अभ्यासमा तीनै सुरक्षा अङ्गले रब्बर बोट, डोरी, लाईफ ज्याकेटसहितका सामग्रीहरूको प्रयोग गरिएको थियो ।

बाढीसहित अन्य प्रकारको विपद्जन्य २३० वटा घटना धनुषामा गत वर्ष हुनुका साथै यसमा परेर १० जनाको मृत्यु भएको छ ।

बाढी तथा विपद्जन्य घटनाका कारणले जिल्लामा १३ करोडको क्षति भएको धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जानकारी दिए ।

उनले विपद्बाट जोगिनका लागि तथा जोगाउनका लागि सबै प्रकारको तयारी धनुषामा भइरहेको बताए ।

कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले जलबाट आउने विपद् बाट जोगिनका लागि धनुषाका हरेक युवाहरूले खोला, नदी तथा पोखरीमा पौडी सिक्न आवश्यक भएको बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहले जल विपद् को साथै आगलगबाट धनुषामा ठूलो मात्रामा धनजनको क्षति हुने भएकाले हरेक पालिकाले वारुण यन्त्र खरिद गर्नुका साथै विपद्को सामना गर्न केही बजेट विनियोजन गर्न आग्रह गरे।

धनुषाको महेन्द्रनगरमा रहेको नेपाली सेनाका गणका प्रमुख सेननी सुरेश देवकोटाले यस पटक विपद्जन्य अवस्थाको सामना गर्नका लागि नदी तथा खोलाको स्थलगत अनुगमन गरेको बताए ।

पानीजन्य जोखिममा नेपाल विश्वमा ४ औं स्थानमा रहेको छ भने भूकम्पीय दृष्टिकोणले ११ स्थानमा र समग्र विपद्जन्य जोखिममा ३० औं स्थानमा रहेको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी मुकेश कुमार केसरीले जानकारी दिए।

# जनकपुरमा विमर्श हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममातीनदिवसीयविमर्श कार्यक्रम हुन लागेको छ। आगामी शुक्रबारदेखि विमर्श फाउण्डेशनको आयोजनामा कार्यक्रम हुन लागेको छ ।

'एक दीप चेतनाक' नारासहित हुन लागेको कार्यक्रममा १८ वटा विषयमा विज्ञहरुसंग विमर्श गरिने आयोजक संस्थाकी अध्यक्ष विभा झाले जानकारी दिइन् ।

उनका अनुसार आगामी शुक्रबार साँझ ४ बजेदेखि कार्यक्रम सुरु हुन्छ। पहिलो सत्र ' इएह छी हमर जनकपुर' शीर्षकको सत्र राखिएको छ।

यस सत्रमा जनकपुरधामको सुन्दरताको विषयमा साकारात्मक छलफल हुनेछन् । त्यही मञ्चमा दोस्रो सत्र कवि सम्मेलन गरिने छ।

पहिलो दिनको सत्र पोखरीको डिलमा गरिनेछन् । त्यहाँ दीप (साँझ) दिइन्छ । गीतनाद गायनबाट पहिलो दिनको कार्यक्रम सम्पन्न हुनेछ ।

दोस्रो दिन शनिबार विहान ९ बजेदेखि कार्यक्रमहरु राखिएको छ । दोस्रो दिनको पहिलो सत्र 'अतीतक आगंनमे भविष्यक अरिपन' विषयमा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलसँग महेन्द्र मलंगिया, सिके लाल, धीरेन्द्र प्रेमर्षि, परमेश्वर कापडी, प्रेम लता मिश्र र डा. भीमनाथ झाले उक्त विषयमा चर्चा गर्नेछन् ।

प्राध्यापक डा.रामअवतार यादवले 'मध्य मैथिलीक सहायक क्रिया रूप' विषयमा एकल प्रवचन दिनेछन् । यस्तै, 'स्त्री विमर्श' मा एक दर्जनभन्दा बढी महिलाहरुलाई वक्ताको रुपमा राखिएको छ । सहभागी सबै महिला वक्ता आफ्नो आफ्नो क्षेत्रका अब्बल रहकी छन् । राजनीतिक अस्तित्व शीर्षकमा पनि छलफल गरिनेछ ।

'मैथिली साहित्यमे दलित चेतना' विषयमा डा. तारान्नद वियोगी, डा. अशोक कुमार मेहता, नित्यानन्द मण्डल, रोसन जनकपुरीले बहस गर्नेछन् भने यस कार्यक्रमलाई पत्रकार श्याम सुन्दर शशिले सञ्चालन गर्ने छन् ।

'मैथिलिक समकालीन कथा साहित्य आ नव पीढीक चुनौती' विषयमा कथाकार अशोक, प्रदीप विहारी, रमेश रञ्जन र गुंजन श्रीले बहस गर्नेछन् भने साहित्यकार रमेश रञ्जन झाले कार्यक्रम सञ्चालन गर्नेछन् ।

यस्तै जलाधार संरक्षण विषयमा विजय कुमार सिंह दनुवार, नागदेव यादव, उमाकान्त झाले छलफल गर्नेछन् भने पत्रकार अनिल कर्णले कार्यक्रम सञ्चालन गर्नेछन् । यस कार्यक्रममा कुल दशदेखि बाह्र लाख खर्च हुने अनुमान आयोजक संस्थाले गरेको छ ।

# प्रकट दिवसमा रक्तदान



**टुडे समाचारदाता**

जनकपुरधाम । कबीर साहेब प्रकटदिवसकोअवसरमाधनुषाको क्षीरेश्वरनाथ नगरपालिकास्थित सतलोक आश्रममा शनिबार भण्डाराको आयोजना गरिएको छ ।

तीन दिवसीय कार्यक्रम अन्तर्गत अखण्ड पाठ जारी रहेको छ।

सो अवसरमा शनिबार धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल तथा सिरहाका प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडाले आश्रममा आयोजित भण्डारामा सहभागी भएका थिए ।

प्रमुख जिल्ला अधिकारीद्वयको विशेष उपस्थितिमा शनिबारै आश्रममा २५ वटा नव जोडीहरुको दाइजो तथा आडम्बरमुक्त सामूहिक अन्तरजातीय विवाहसमेत सम्पन्न भएको जनाइएको छ ।

'दाइजोमुक्त होस समाज हाम्रो' भन्ने नाराका साथ उक्त विवाह कार्यक्रमको आयोजना गरिएको आयोजकले जनाएको छ ।

दाइजोमुक्त समूहिक विवाहको आयोजना गरेर आश्रमले समाजमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै प्रमुख जिल्ला अधिकारी दाहाले प्रशंसा गरे ।

त्यसैगरी,प्रकट दिवसको अवसरमा निःशुल्क रक्तदान शिविरको पनि आयोजना गरिएको थियो ।

सो शिविरमा नेपालका विभिन्न प्रदेशहरुबाट तथा भारत, अमेरिका, बेलायत , अस्ट्रेलिया, क्यानडा, लगायतका देशहरुबाट आएका सन्त रामपालजी महाराजका अनुयायीहरुले उत्साहका साथ रक्तदान गरे ।

कार्यक्रममा ८१ युनिट रक्तदान भएको आयोजकले जनाएको छ । रेडक्रसले सोचे भन्दा र संचय गर्ने क्षमता भन्दा पनि बढी संख्यामा रक्तदान गरेको देख्दा नेपाल रेड्क्रस जनकपुर शाखाका अधिकारीले भक्तजन तथा सन्त रामपालजी महाराजको परोपकार प्रति यस समर्पित भावको मुक्त कंठाले प्रशंसा गरेका थिए।

# सडक नाटक प्रदर्शन




**टुडे समाचारदाता**

जनकपुरधाम । ३ सय ५१ औं विश्व वातावरण दिवस जनकपुरधामसहित देशको विभिन्न स्थानमा मनाइएको छ ।

दिवसको अवसरमा विभिन्न गैरसरकारी संघसंस्थाको संयुक्त आयोजनामा जनकपुरधाममा शनिबारदेखि तीनदिन सम्म चल्ने जनाइएको छ।

सो क्रममा शनिबार जनकपुरधाम उपमहानगरपालिका-८ रामानन्दचोकमा सरसफाई गरिएको छ।


ग्रीनस्पेसनेपालकोअगुवाईतथा आसमान नेपाल,ईन्सेकलगायतको संघ संस्थाको संयुक्त आयोजनामा सफाई कार्यक्रम गरिएको छ। 'बिट प्लाष्टिक पोल्युसन' मुख्य नाराका साथ दिवसको आयोजना गरिएको ग्रिन स्पेस नेपालका अध्यक्ष धीरज साहले जानकारी दिए । उनका अनुसार तीन दिवसीय कार्यक्रम अन्तर्गत आइतबार वातावरण सम्बन्धी जनचेतना जगाउने उद्देश्यले सडक नाटक प्रदर्शन गरिने छ।

# गर्मीका कारण माधवनारायणका विद्यालय बन्द

**टुडे समाचारदाता**

गरुडा । पछिलो समय अत्यधिक गर्मी बढेपछि रौतहटका स्थानीय तहहरु धमाधम विद्यालय बन्द गर्न थालेका छन् ।

अत्यधिक गर्मीका कारण विद्यार्थीलाई समस्या सिर्जना भएको भन्दै रौतहटको माधवनारायण नगरपालिकाले सात दिनका लागि विद्यालयमा बिदा दिने निर्णय गरेको छ ।


माधव नारायण नगरपालिका
Madhav Narayan Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

विषय :- गर्मी बिदा सम्बन्धमा ।

बढ्दो गर्मीका कारणे माधवनारायण नगरपालिकाका सामुदायिक विद्यालयहरु एक साताका लागि बन्द गरिएको छ ।

दिनभरि लाग्ने चर्को घामका कारण अत्यधिक गर्मी भइ बालबालिकाहरुमा लु लाग्ने, बेहोस हुने जस्ता समस्या देखापरेपछि माधवनारायण नगरपालिकाले शुक्रबार सूचना निकालेर २१ जेठ आइतबारदेखि २६ जेठ शुक्रबारसम्म पालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा सार्वजनिक विदाको घोषणा गरेको छ ।

अत्यधिक गर्मीका कारण विद्यालयको पठनपाठनमा प्रतिकूल असर परेको र कतिपय बालबालिकाहरु विद्यालयमै बेहोस हुन थालेपछि वर्षे विदाबाट कट्टा हुने गरी जेठ २१ गते आइतवारदेखि एक साताका लागि पालिकाका सम्पूर्ण सामुदायिक विद्यालय बन्द गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ यादवले जानकारी दिए ।

# दिनदहाडै मोटरसाइकल चोरी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामबाट शनिबार एउटा मोटरसाइकल चोरी भएको छ ।

शनिबार गंगासागर पोखरीमा विपद् व्यवस्थापन सम्बन्धी पूर्वाभ्यास कार्यक्रम अवलोकन गर्ने क्रममा महुलिया माध्यमिक विदालयका प्रधानाध्यापक धीरेन्द्र कुमार झाको ज १२ प ३३३ नम्बरको होण्डासाइन मोटरसाइकल चोरी भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

बिहान ८ ३०देखि ९ बजेर १० मिनेट भित्रै मोटरसाइकल चोरी भएको पीडित झाले बताए ।

चोरी हुने वित्तिक्कै प्रहरीलाई जानकारी गराएको र जिल्ला प्रहरी कार्यालयमा निवेदनसमेत दिएको झाले जानकारी दिए । यता प्रहरीले चोरी भएको मोटरसाइकलको खोजी तीव्र रुपमा भइरहेको जनाएको छ ।

केहीदिन यतादेखि धनुषा प्रहरीले दिनकै दिनठूलो संख्यामा चोरहरु पक्राउ गरी सार्वजनिक गर्दै आएको छ भने अर्कोतर्फ चोरीको घटनामा पनि वृद्धि हुँदै गएको पाइएको छ ।

**आवश्यकता**

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
| --- | --- |
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

**सम्पर्क फोन नं. ९८०१६२६०२१**

email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८